# वर्गदृष्टि साप्ताहिक

Bargadristi Weekly

वर्ष ३ अङ्क १३ पूर्णाङ्क १११ | २०७५ भदौ २५ गते सोमबार | Monday, Sept. 10, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी युवा लिग २ नं. प्रदेशले बुझायो ज्ञापन पत्र

जनकपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिग, नेपाल २ नं. प्रदेशले मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ। लिगका २ नं. प्रदेशका संयोजक गंगा महतोको नेतृत्वमा गएका सयौं युवाहरूले बेरोजगार युवाहरूलाई रोजगारी दे, नत्र बेरोजगार भत्ता दे भन्दै ३४ बुँदे ज्ञापन पत्र बुझाएका हुन्। जनकपुरको गोपाल धर्मशालाबाट निस्केको क्रान्तिकारी युवाहरूको मार्चपाससहितको र्‍याली शिव चोक, भानु चोक हुँदै मुख्यमन्त्रीको कार्यालयमा ज्ञापन पत्र बुझाएर पिडारी चोकमा आएर कोणसभामा परिणत भएको थियो । युवा नेता नन्दु झाले सञ्चालन गरेको कोणसभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम कृष्णदेव सिंह दनुवार, केस जितेन्द्र सिंह लगायतका नेताहरूले २ नं. प्रदेशमा भएको बेरोजगार युवाहरूको अवस्था र उनीहरूलाई रोजगारीको ग्यारेन्टी सरकारले गर्नुपर्ने र नभए बेरोजगार भत्ता दिनुपर्ने विचार राख्दै त्यसका निम्ति क्रान्तिकारी युवाहरू जस्तोसुकै संघर्ष पनि गर्न पनि पछि नपर्ने बताएका थिए ।

# सरकारी निशान छापमै कालापानी गायब

नेपालको सहि र गलत नक्सा भएको निसान छापहरु






● वर्गदृष्टि संवाददाता

काठमाडौं । वर्षौंदेखि कालापानी क्षेत्रलाई कब्जा गर्न प्रयत्न गर्दै आएको भारतले कालापानीदेखि लिपुलेक, तुल्सी भञ्ज्याङ, नाभी, डाडु, गुञ्जी, नाबी, कुटी, निहाल, विलसा र लिम्पीयाधुरासम्मको झण्डै ३७००० हेक्टरसम्मको भूभाग आफ्नो अधिनस्थ पारेको नक्सा अहिले नेपाली बजारमा छ्प्छ्याप्ती पारिएको छ । यति ठूलो नेपाली भूभाग भारतीय नक्सामा पारिएको प्रकरणमा मौन ओली सरकार आफैले ती नक्साहरू प्रयोग गरेका तथ्यहरू बाहिरिएपछि अहिले नेपाली राष्ट्रियतामाथि गम्भीर षड्यन्त्र भइरहेको खुलासा भएको छ। यो खुलासासँगै उक्त नेपाली भूमि भारतीय शासकवर्गले नेपाली शासकहरूकै सहमतिमा नै आफ्नो अधिनस्थ पारेको हो कि भन्ने गम्भीर आशंका उत्पन्न भएको छ। यसै विषयमा केही भारत निकट मानिने नेपाली विज्ञहरूले समेत कालापानी क्षेत्र र सुस्ता भारतले कुनै पनि हालतमा नेपाललाई फिर्ता नगर्ने र त्यसको सट्टा अर्कै भूभाग नेपालले लिएर साटासाट गर्नुपर्ने धारणाहरू समेत सार्वजनिक हुन थालेको पृष्ठभूमिका नक्सा प्रकारणलाई हेर्दा नेपाली राष्ट्रियता तथा सार्वभौमिकतामाथि गम्भीर षड्यन्त्र भइरहेको प्रष्ट हुन जान्छ ।

कालापानी क्षेत्र गायब पारिएको नक्सा नेपालको सरकारले प्रयोग गर्दै आएको नापी विभागले पुष्टि गरिसकेको छ । विभागकै आधिकारिक नक्सामा पनि वर्षौंदेखि लिम्पियाधुरा गायब पारिएको पाइएको छ । यसले नेपालको आकारलाई करिब ३ सय १० वर्ग किलोमिटर खुम्च्याउन पुगेको विज्ञहरूले टिप्पणी गरेका छन् र सर्वत्र अहिले नक्कली नक्साको विरोध भइरहेको छ। यहाँसम्म कि राज्यको आधिकारिक निसान छापको नक्सामा समेत कालापानी क्षेत्र गायब पारिएको छ।

स्रोतका अनुसार भारतले कालापानी क्षेत्र गायब पारिएका नक्साहरू बनाएर नेपाली बजारमा विक्री वितरणका लागि पठाएको छ। सहज पहुँच र सस्तोका कारण भारतमा बनेका नक्सा नेपालमा छ्यापछ्याप्ती पारिएको छ । सीमाविद् बुद्धिनारायण श्रेष्ठको दावी छ- 'भारतले नियतवश कालापानी क्षेत्र हटाएको नक्सा बनाएर नेपाली बजारमा पठाएको छ । नेपाल सरकारको कमजोरीका कारण नियोजित रूपमा भारतले कालापानी र लिपुलेक हटाएको नक्सा पठाएको हो ।'

सरकारको नक्सा बनाउने आधिकारिक निकाय नापी विभाग हो । नक्सा बनाउने र छाप्ने काममा नेपाल सरकारको अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था छ । सहमति र अनुमति नलिई देशको सामरिक भू-भाग नै नभएको नक्सा छ्यापछ्याप्ती प्रयोग हुने अवस्था निम्तनु राज्यको गम्भीर कमजोरी र राष्ट्रियतामाथिको गम्भीर षड्यन्त्र भएको सीमा विज्ञहरूले ठहर गरेका ...बाँकी ८ पेजमा

## 'सीमा रक्षाका लागि सङ्घर्ष आवश्यक'



काठमाडौं । देशको सीमा सुरक्षा तथा राष्ट्रिय स्वाधीनता रक्षाका लागि सङ्घर्षको तयारी गर्न सिङ्गो पार्टीपङ्क्ति र आम जनसमुदायलाई नेकपा (क्रान्तिकारी माओवादी) ले विशेष अनुरोध गरेको छ । भारतीय सुरक्षकर्मीहरूबाट दिनानुदिन सीमा अतिक्रमण भइरहेको, सीमाक्षेत्रमा रहेका आम नेपाली जनता सीमा अतिक्रमणका विरुद्ध लडिरहेका र लिम्पियाधुरा तथा कालापानी नेपालको नक्साबाट हटाई र हटाउन लगाई नेपालका प्रशासन ...बाँकी ६ पेजमा

## 'देशको सीमा मिचिएको सहन सकिन्न'



काठमाडौं। देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले कालापानी लगायत ३७२ वर्ग किलोमिटर नेपाली भूभाग नेपाललाई तुरन्त फिर्ता गर्न चेतावनी दिंदै शनिवार एक विज्ञप्ति जारी गरेको छ। मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलद्वारा हस्ताक्षरित तथा प्रेसित उक्त विज्ञप्तिमा उक्त कुरा जनाइएको हो ।

भारतले धैरै पहिलेदेखि मिच्दै र आफ्नो सेना राख्दै आएको दार्चुलाको कालापानी फिर्ताका लागि लामो ...बाँकी ६ पेजमा

## देजमोको कास्कीको सम्मेलन भव्यतापूर्वक सम्पन्न

● राजेन्द्र सुवेदी

पोखरा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कास्कीको प्रथम जिल्ला सम्मेलन आइतबार भव्यतापूर्वक सम्पन्न भएको छ। पोखराको अमरसिंह चोकबाट निस्केको मोर्चाको र्‍याली लखन चोक हुँदै नगरपरिक्रमा गरेर कान्तिपुर पार्टी प्यालेसमा पुगेर सम्मेलनको उद्घाटन सत्रमा परिणत भएको थियो । सम्मेलनका प्रमुख अतिथि तथा मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले उद्घाटन गरेको उक्त सम्मेलनमा स्थानीय जनतासहित करिब २ हजार जनाको सहभागिता रहेको थियो। उद्घाटन सत्रलाई अध्यक्ष गजुरेलले सम्बोधन गर्दै वर्तमान ओली सरकारले राष्ट्रघाती र जनघाती कामहरू एकपछि अर्को गर्दै गएकोले यो दलाल सरकारका विरुद्ध संघर्ष अनिवार्य बन्दै गएको विचार व्यक्त गरे ।

सम्मेलनमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय कर्यालय सदस्य तथा ४ नं. संयोजक केशबहादुर परियार, नेकपा (क्रान्तिकारी ...बाँकी ६ पेजमा

## क्रान्तिकारी माओवादी कपिलवस्तुको अधिवेशन सम्पन्न

कपिलवस्तु। नेकपा (क्रान्तिकारी माओवादी) कपिलवस्तुको जिल्ला अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले आकाशको नेतृत्वमा २५ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ। प्राप्त समाचार अनुसार जिल्लाको हतोसा कौवाघाटमा सम्पन्न भएको अधिवेशनमा क्राान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य तथा ५ नं. प्रदेशका कावा सचिव भीषणको प्रमुख आतिथ्यता रहेको थियो भने पार्टी केसहरू समीर र ठूल्दाईको विशेष आतिथ्यता रहेको थियो। अधिवेशनपछि बसेको जिल्ला कमिटिको बैठकले २५ भदौबाट सुरु हुने प्रकाशन अभियानलगायतका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने निर्णय गरेको छ।

यसैबीच, ५ नं. प्रदेशको बाँके र बर्दिया जिल्लाको संयुक्त प्रशिक्षण २५ भदौंमा हुने भएको छ । सम्मेलनको तयारी पूरा भएको जिल्लाका नेताहरूले जनाएका छन्। राम पुनले सञ्चालन गरेको सम्मेलनको उद्घाटन सत्र समारोहको अध्यक्षता विष्णु रानाले गरेका थिए भने सम्मेलनलाई स्वागत भोजराज त्रिपाठीले गरेका थिए ।

## क्रान्तिकारी माओवादी दैलेखको जिल्ला अधिवेशन सम्पन्न

दैलेख । नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला संगठन समिति दैलेखको प्रथम जिल्ला अधिवेशन दैलेखको तल्लो डुङ्गेश्वरमा भदौ २० र २१ गते सम्पन्न भएको समाचार प्राप्त भएको छ। संगठन विस्तार तथा सुदृढीकरण अभियानअन्तर्गत दैलेख जिल्ला संगठन समितिले यो अधिवेशन सम्पन्न गरेको हो ।

सम्पन्न अधिवेशनले ३१ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ । जिल्ला समितिको चयनपछि बसेको पहिलो बैठकबाट सर्वसम्मतिले क. चेतनलाई सचिवमा निर्वाचित गरेको छ ।

प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि कमरेड परि थापाले समाजमा भएका व्याप्त भ्रष्टचार, कमिसनखोर, बलात्कार आदिका बारेमा प्रकाश पार्दै वर्तमान दलाल सरकारको जनविरोधी चरित्र उदांगो पारेका थिए । त्यसै ...बाँकी ६ पेजमा

## क्रान्तिकारी माओवादी रुपन्देहीको सचिवमा मणि निर्वाचित

बुटवल। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) जिल्ला समिति, रूपन्देहीको प्रथम जिल्ला अधिवेशनले निर्वाचित गरेको कार्यसमितिको प्रथम बैठकले जिल्ला सेक्रेटरीमा मणीलाई चयन गरेको छ। बैठकले मणी,कुमार,सिपालु,शक्ती र रोहित रहेको पाँच सदस्यीय जिल्ला सचिवालय चयन गरेको हो । बैठकले सदस्यहरूमा क्रमशः अर्पण, ज्वाला, उदय, शषि, इस्लाम, गाउले, असिम, युद्ध, विशेष, अजराज, पृथ्वी, सत्य रहनुभएको छ । बैठकले जिल्ला सल्लाहकारमा क्रमशःबलदेव,हिमाल,अजय र चित्रालाई चयन गरेको छ । बैठकले भोलीबाट एक महिने साप्ताहिक पत्रिका बर्गदृटी ग्राहक

अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। पार्टीले भदौ २५ देखि असोज २५ सम्म एक महिने ग्राहक अभियान सञ्चालन गर्न लागेको हो । बैठकमा पार्टीका पिविएम भिषण,प्रमोद,केन्द्रीय सदस्य जिवराज,प्रदेश सदस्य बाबुराम लगायते बोल्दैं पार्टीले अगाडि सारेका संघर्ष,संगठन सुदृढीकरण अभियानमा लाग्न जिल्ला नेतृत्वलाई निर्देशन दिएका थिए । बैठक जेष्ठ सदस्य अर्पणको अध्यक्षतामा बसेको थियो ।

## क्रान्तिकारी युवा लिग कर्णालीको सुर्खेतमा मार्चपास

सुर्खेत । क्रान्तिकारी युवा लिग, नेपाल कर्णाली प्रदेशले प्रदेश सदरमुकाम सुर्खेतमा युवा मार्चपास सम्पन्न गरेको छ । मार्चपास मंगलगढीबाट सुरु भई बजारको पिपल चौतारीमा पुगेर सभामा परिणत भएको थियो । बेरोजगार युवाहरूलाई रोजगारी दे, होइन भने बेरोजगार भत्ता देलगायतका नारासहित सैयौं युवाहरूको सहभागितामा गरिएको मार्चपासलाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव परि थापाले सम्बोधन गरेका थिए । युवाहरूको मार्चपासलाई क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन र अनेमसंघ (क्रान्तिकारी) केस कमला चन्दले पनि सम्बोधन गरेकी थिइन ।

युवा नेता खडान्द लामिछानेले सञ्चालन गरेको मार्चपास कार्यक्रममा क्रान्तिकारी माओवादीका केस तथा कर्णाली प्रदेश कावा सचिव चक्रपाणि शर्मा, पार्टी केसहरू कृष्ण गुरुङ, दीपक शाही, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## मार्चपाससहित प्रदेश नं. १ को क्रान्तिकारी युवा लिगले बुझायो मागपत्र

काठमाडौं । देशको स्वाधीनता र जनताको स्वाभिमान रक्षाका लागि क्रान्तिकारी युवा लिग नेपालले प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राईसमक्ष १४-बुँदे ज्ञापन पत्र बुझाएको छ । प्रदेश नम्बर १ का क्रान्तिकारी युवा लिग नेपालका संयोजक रविन लिम्वुको नेतृत्वमा मुख्यमन्त्रीको कार्यालय बिराट नगरमा पुगेर उक्त ज्ञापन पत्र बुझाइएको हो ।

प्रदेश नम्बर १ का मुख्य मन्त्रीलाई सम्बोधन गरेर बुझाइएको ज्ञापन पत्रमा देशको निकै संकटपूर्ण वर्तमान अवस्थाको ...बाँकी ६ पेजमा

## मार्क्सवाद र वैज्ञानिक-प्राविधिक क्रान्तिको प्रशन

**'मेसिनले स्वयम् प्रकृतिका शक्तिहरूमाथि मानिसको विजयको प्रतिनिधित्व गर्दछ'** ***-कार्ल मार्क्स***

**१) आधुनिक वैज्ञानिक-प्राविधिक क्रान्ति**

नवमार्क्सवादीहरूले आधुनिक वैज्ञानिक-प्राविधिक क्रान्तिले, जस्तो कि स्वचालन, कम्प्युटर प्रविधिको विकास, बाह्य अन्तरिक्षमा हस्तक्षेप-प्रयास, पारमाणविक तथा अन्य वैज्ञानिक-उर्जा विकास, आदिले उत्पादन प्रक्रियामा मानिसको भूमिकालाई विस्थापित गरेको कारणबाट उत्पादनको प्रत्यक्ष कर्ताबाट अब मानिसलाई सामान्यतः प्राविधिक प्रकृयाको एउटा नियन्त्रकमा रूपान्तरित गरेको कुरामा जोडदिंदै मानव श्रम र श्रमिकवर्गको भूमिकालाई नकारेका छन् । उनीहरूले वैज्ञानिक-प्राविधिक क्रान्तिलाई प्राथामिकतामा राखेका कारणले के दावी गरेका छन् भने कार्ल मार्क्सले प्रतिपादन गरेको औद्योगिक पुँजीवादले जन्माएको अतिरिक्त मूल्यको सिद्धान्त अव भूतकालिन अध्ययनको विषयमात्र हुन पुगेको छ। के वैज्ञानिक-प्राविधिक क्रान्तिले गरेको तुफानी प्रगति मानिसको प्रगति हो या होइन ? यो क्रान्तिले मानिसलाई उसको उपाङ्ग बनाउने खतरा छ या यो क्रान्तिको निरन्तरतासँग मानिसको ब्यक्तित्वको परिष्कार तथा सर्वागण विकास को पनि निरन्तरता रहनेछ ? यही विषयमा यहाँ छलफल केन्द्रित गरिनेछ ।

**वैज्ञानिक-प्राविधिक क्रान्तिले उत्पादक शक्तिहरूको, विज्ञान तथा प्रविधिको वैज्ञानिक विकासको लागि सीमाहिन संभावनाहरू खालिदिएको छ । तर विकसित पुँजीवादी देशहरूमा यसले व्यापक बेरोजगारी, करोडौलाई 'बेकार' कंगाली र अभावतिर धकेलिदिने काम गरेको छ**



● सीताराम तामाङ ●

**२) के हो वैज्ञानिक-प्राविधिक क्रान्ति ?**

एक विख्यात समाजशास्त्री गेन्नादी मारिन्कोको अनुसार मानवजातिको अस्तित्वलाई विगत पचास हजार बर्ष मान्ने र त्यसलाई पुस्ताको संख्याले नाप्ने हो भने (जस्को जीवनअवधि ६२ बर्ष हो) एक चाखलाग्दो र रोमञ्चकारी तस्विर हाम्रो सामुन्ने उभिन्छ । यस्तो पुस्ताको संख्या करिब ८०० मानिन्छ । तिमध्य ६५० पुस्ता गुफामा बसेका थिए। केवल ७० पुस्ताले मात्र लिपिको प्रयोग गरे, ६ पुस्ताले मुद्रित शव्दहरूको र अन्तिम २ पुस्ताले विद्युत-मोटरको ज्ञान प्राप्त गरे। आज विद्यमान अधिकतर भौतिक तथा आत्मिक मूल्यको सिर्जना वर्तमान पुस्ताकै जीवनकालमा नै भएकोछ (वैज्ञानिक-प्राविधिक क्रान्ति, १९८९; मास्को : प्रगति प्रकाशन (अंग्रेजी))। त्यतिमात्र नभएर वैज्ञानिक- ...बाँकी ७ पेजमा

# भारतीय विस्तारवादको राजनीतिक, फौजी तथा सीमा अतिक्रमणविरुद्ध जनआन्दोलनको उठान जरुरी छ



**भारतले आफ्नो स्वार्थअनुसार नेपालको सीमा मिचेर भारतमा पर्ने गरी बनाइएका नक्साहरू नेपालमा र सरकारी अड्डा, अदालत र प्रशासनहरूमा पठाएको भनी खुलासा भएको छ । नेपालले तीनवटै सरकारका सरकारी मुकामहरूमा आधिकारिक रूपमा प्रयोगमा ल्याइरहेको निशाना छापमा लिपुलेक, लिम्पियाधुरा र कालापानीको नक्सा गायब पारिएको तथ्य पत्ता लागेको छ**

❑ सी.पी. गजुरेल, अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल

***अध्यक्षज्यु ! देशका सीमाहरू त सबै बेचेर खाइसकेछ ओली सरकारले ?***

नेपाल भारत सीमा विवाद पहिले देखिको हो । सीमा विवादको विषयलाई लिएर हामीले लामो समयदेखि संघर्ष पनि गर्दै आएका छौं । भारत र भारतीय पक्षले योजनवद्ध रूपमा नेपाली सीमा अतिक्रमण गर्दै आइरहेको छ । सुगौली सन्धिदेखि नै नेपालको भूमि अतिक्रमण गरिइँदै आएको हो ।

अहिले भारतले आफ्नो स्वार्थअनुसार नेपालको सीमा मिचेर भारतमा पर्ने गरी बनाइएका नक्साहरू नेपालमा र सरकारी अड्डा, अदालत र प्रशासनहरूमा पठाएको भनी खुलासा भएको छ । नेपालले तीनवटै सरकारका सरकारी मुकामहरूमा आधिकारिक रूपमा प्रयोगमा ल्याइरहेको निशाना छापमा लिपुलेक, लिम्पियाधुरा र कालापानीको नक्सा गायब पारिएको तथ्य पत्ता लागेको छ ।

यसबारेमा हामीले देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको तर्फबाट एक विज्ञप्ति सार्वजनिक गरेर यस कुकृत्यको भण्डाफोर गर्दै नेपालको मिचिएका कालापानी लगायतका ३७२ वर्गकिलो मिटर भूभाग तुरन्त फिर्ता गर्न र नक्कली नक्साहरू तथा निशाना छाप तुरन्त बदर गरी दोषीलाई कारवाही गर्न माग पनि गरेका छौं ।

वर्तमान ओली सरकारले दुई तिहाइको बलमा नेपाली भूमि र राष्ट्रिय सम्पदा भारतलाई सुम्पने कुरा नेपाली जनताका लागि सैह्य छैन । यसका लागि हामी संघर्षको मैदानमा उत्रन तयार छौं ।

***कालापानी, लिम्पियाधुरा, लिपुलेकदेखि सुस्ताहुँदै पूर्वको पशुपति नगरसम्मका नेपाली भूभाग फिर्ता गर्न सकिएला ?***

हामीले सक्नुपर्छ । देशको स्वाभिमान र सार्वभौमिकता जोगाउनु पर्छ । यी सबै जनताको आन्दोलन, जनसहभागिता, जनदबाब तथा नेपाली एकतामा भर पर्दछन् । हामीले आन्दोलन कति उठाउन सक्छौं भन्ने कुरामा भर पर्छ । नेपाली भूमि अतिक्रमणको प्रक्रिया जुन अनाधिकृत रूपमा भारतले गर्दै आएको थियो, त्यो विधिवत रूपमा नक्शाभित्र नै पारेर गर्न थालेका छन् ।

यसले नेपालको परिस्थितिलाई निकै धेरै जटिल भएको छ । यो जटिलतालाई चिर्दै हामी जनताको साथ लिएर अघि बढ्नै पर्दछ । नेपालका वास्तविक सीमाहरू नक्साङ्कन गरिएका सीमा नक्सादेखि लिएर भौगोलिक सीमा भ्रमण र अनुगमनसहित यो अध्ययन अनुसन्धानका कुरालाई हामीले अघि बढाउनु पर्दछ । भारतले सीमा नक्सासम्बन्धी विभिन्न सामग्रीहरू पठाएर उसका नेपाली दलाल मार्फत् जुनखालको विभ्रम फैलाउन प्रयास गरेको छ, त्यसको भण्डाफोर गर्दै संघर्षको उठान गर्नु पर्दछ । सशक्त जनआन्दोलनको उठान गर्न सकियो भने त्यसको बलमा मिचिएको नेपाली भूभागहरू फिर्ता लिन सकिन्छ ।

***सीमा मिचिएको मुद्दालाई लिएर अन्तर्राष्ट्रिय अदालतमा जाँदा के हुन्छ ?***

अन्तर्राष्ट्रिय अदालतमा यो मुद्दा लान पनि सकिन्छ । र, लान पनि जरुरी छ । तर यो मुद्दा लैजाने सरकार र संस्था नै भारतको दलाल र नेपाल स्वाभिमान तथा नेपाली जनताविरोधी भएपछि लैजाने संभावना पनि कम नै देखिन्छ ।

तर यसलाई अन्तर्राष्ट्रियकरण गरेर विश्वमा हामीमाथि भारतीय विस्तारवादले गरेको अन्यायलाई छताछुल्ल पार्न सकिने छ । यसलाई सफल पार्नका लागि आवश्यक कुरा जनबल नै हो । त्यसैले देशभित्र सशक्त जनआन्दोलनको विकास गरिनु जरुरी छ । यदि हामीले देशमा सशक्त जनआन्दोलन उठान गर्न सकेनौ भने अन्तर्राष्ट्रिय अदालतमा गएर पनि त्यसले न्याय दिइहाल्ने भने देखिदैन ।

***सीमा सुरक्षाका लागि के गर्नुपर्ला ?***

यसका लागि नेपाल भारतको सीमा कुनै न कुनै रूपमा नियमन गर्नु पर्छ । सीमाका बारेमा नेपालका विषय विशेषज्ञहरूले यो कुरा पनि राखेका छन् । नेपाल-भारतको सीमा नियमन र नियन्त्रण गरिनु पर्छ । सीमानामा कम्तिमा पनि काँढेतार लगाएर यसको रक्षा गरिनु पर्छ ।

सीमाना अब खुल्ला छोडिदिनु हुँदैन । यसका लागि हामीले भारतीय दलालहरूको सरकारका विरुद्ध संघर्ष गरेर राजनीतिक दबाब दिनुपर्छ । र, मूलतः भारतीय विस्तारवादका विरुद्ध संघर्ष उठान गर्नुपर्छ ।

***यो प्रक्रियामा स्थायी सरकारका रूपमा रहेको कर्मचारी कति दोषी छन् ?***

यो काम भारतका दलाल शासकहरू र कर्मचारीहरू मिलेर दुवैको मिलेमतोमा गरिएको हो । कर्मचारीभित्र अलि भिन्न अवस्था पनि छ । शासकहरू जस्तो पूराका पूरा दलाल देखिएको छैन । कर्मचारीभित्र पनि एक थरीले देशको स्वाभिमान र सीमाना बचे हुने थियो भनिरहेका छन् । तर अर्काथरी भने दलाल शासकहरूसँग मिलेर देशको स्वाभिमान र सिमाना बेच्न तल्लिन रहेका छन् । देशभक्त कर्मचारीहरूले यसो नगर्न सुझाब पनि दिइरहेका छन् ।

देशभक्त कर्मचारीहरूले जहाँजहाँ नेपालको सही र ठोस रूपमा सीमाना कायम छ, ती नक्शाहरू नै टाँगिररहेका छन् । तर दलालहरू यसका ठाउँमा भारतले उपलब्ध गराएका नक्कली नक्साहरू टाँग्न आतुर रहेका छन् ।

राजनीतिक पार्टीहरूमा रहेका दलालहरू र कर्मचारीभित्र रहेका दलालहरू मिलेर यी सबै कामहरू गरिरहेका छन् ।

***यस्तो अवस्थामा ओली सरकार भारतको पुणेमा हुँदै गरेको सैन्य अभ्यासमा सहभागी हुन थालेको छ नि ?***

यसबारेमा हामीहरूले मोर्चाको तर्फबाट आधिकारिक रूपमा विज्ञप्ति पनि जारी गरेका छौं । लेखहरू पनि दिइरहेका छौं ।

बिम्स्टेक सम्मेलनमा भारतको पुणेमा सैनिक अभ्यास गरिने भनी भारतीय प्रधानमन्त्री मोदीले जनकारी मात्र गराएका थिए, त्यो सम्मेलनबाट पारित पनि भएको होइन । तर ओलीको आतुरता निकै देखिन्छ यो सैन्य अभ्यासमा सहभागी हुने भनेर । यो आफैमा सम्मेलनले नै पारित गरेको र आधिकारिक पनि होइन । बिम्स्टेकका सबै सदस्य राष्ट्रहरू पनि तयार छैनन् यसका लागि ।

यो त भारतले बिम्स्टेकका नाममा सैन्य गठबन्धन निर्माण गर्ने बाहनाबाजी मात्र हो ।

***भर्खरै नेपाल र चीनका बीचमा व्यापार तथा पारवाहन प्रोटोकलमा हस्ताक्षर भएपछि चीनले उसको सामुद्रिक तथा सुख्खा बन्दरगाह नेपालका लागि खुला गरेको छ । के कति फाइदा होला नेपालका लागि ?***

छिमेकी मित्रराष्ट्र चीनले नेपालका लागि आफ्नो व्यापार बन्दरगाह खुला गर्नु खुशीको कुरा हो । अब नेपाललाई अन्य देशहरूसँग वाणिज्य, व्यापार तथा व्यवसाय गर्न सजिलो हुने छ । यो निर्णय सकारात्मक हो ।

भारतले सधैं एकतर्फी रूपमा गर्ने नाकाबन्दी र बेलाबेलामा सिर्जना गर्ने पेट्रोलियम पदार्थको कृत्रिम अभावको मार अब नेपालीहरूले भोगिरहनु नपर्ला । छिमेकी देश नेपाललाई यति ठूलो सहयोग र विश्वास गरिरहँदा नेपालीहरू चीनको यो खुला सहयोग प्रति निकै खुशी छन् ।

***नेपालको भूराजनीतिक अवस्थिति र चीनसँगको सम्झौता कत्तिको मेल खाला ?***

वर्तमान ओलीको सरकार भारतपरस्त सरकार हो । यो वामको नाममा आए पनि वास्तवमा भारतीय दलालहरूको सरकार हो । त्यसैले यो दलाल सरकारले चीनसँग गरेका सबै सन्धिसम्झौताले निकट भविष्यमा निकै ठूलो चुनौती खडा गर्ने छ । यसका खास कारणहरू छन् ।

पहिलो कुरा हो, भारतले बिम्स्टेकको माध्यमबाट दक्षिण एशियामा आफ्नो पकड जमाउने र सबै साना देशहरूलाई आफू मातहत ल्याउने प्रयास गरिरहेको छ । यसले दक्षिण एशियामा चीन र पाकिस्तान विरोधी सैन्य अलायन्स बनाउँदै गरेको छ ।

यसले गर्दा नेपालको सम्बन्ध निश्चितै रूपमा चीनसँग दीर्घकालीन रहनसक्ने राजनीतिक परिस्थिति देखिदैन । नेपालका लागि पनि असंलग्न परराष्ट्र नीतिको विरुद्धमा हुन जाने छ । चीनका विरुद्ध भारतसँगको गठबन्धन नेपाली जनताका लागि स्वीकार्य पनि छैन । स्वयम् ओलीकै शब्दमा समदुरीको छिमेकी नीतिका विरुद्ध पनि यो हुन जाने छ । यो अवस्थामा नेपालसँग चीनको सम्बन्ध राम्रो हुनसक्ने देखिदैन ।

यसले गर्दा नेपालमा भारतको एकलौटी आधिपत्य कायम हुन जाने छ । नेपाल अब भुटानीकरण र सिक्किमीकरणको खतरामा अघि बढेर जाने संभावना देखिएको छ ।

***अमेरिका भारत बीचमा हतियार तथा प्रविधिसम्बन्धी 'कोम्कासा' संझौता सम्पन्न भएको छ । यसले दक्षिण एशियामा कस्तो असर पार्ला ?***

अन्तर्राष्ट्रिय राजनीतिक परिदृश्यलाई ध्यान दियौं भने भारत अब अमेरिकी खेमामा पूर्ण रूपले प्रवेश गरिसकेको छ । यो अमेरिकी साम्राज्यवादको पोल्टामा परिसकेको छ । अमेरिका-भारतले गर्ने गरेका संयुक्त सैन्य अभ्यास अब साच्चिकै एक सैन्य अलायन्समा परिणत भएको छ । केही वर्ष पहिले अमेरिका र भारतले परमाणु सन्धि पनि गरिसकेका थिए ।

अहिलेको कोम्कासा सन्धि अमेरिकाले आफ्नो चाहनामा भारतसित गरेको हो । भारत अहिलेसम्म आउँदा यो सन्धिमा हस्ताक्षर गर्न बाध्य पनि छ । त्यसैले यो अमेरिकाको हितमा बढी भएकाले त्यसको भारतभर विरोध भइरहेको हुन सक्छ । जनस्तबाट यो विरोध हुनु स्वभाविक पनि हो ।

***अमेरिकाबाट भारतमा आयात गरिदैं गरेको बिस्फोटक ड्रोन प्रविधिले एशियाको राजनीतिक तथा सैन्य रंगमञ्चमा कस्तो असर पार्ला ?***

यसमा निश्चित रूपले भारतले सैन्य योजनामा अलि अघि बढौं भन्ने महत्वाकाङ्क्षी सोच राखेको देखिन्छ । भारत आफैले आफ्नै पहलमा फाइटर विमानहरू पनि निर्माण गर्दै आएको छ । हतियारहरू पनि विदेशबाट किन्ने गरिरहेको छ । उसले अमेरिकासँग हतियारहरू लिइ राखेको छ ।

भारतले फौजीकरणमा बढी जोड दिइराखेको छ । ड्रोन प्रविधि भारतमा भित्र्याउने पनि फौजीकरणकै निरन्तरता हो । भारत फौजी रूपमा पनि दक्षिण एशियाको प्रमुख शक्ति बन्न खोजिरहेको छ ।

***मोदीले बेलायती उपनिवेशबाट मुक्त भएको भारतलाई अमेरिकी नवउपनिवेशमा लगे भनेर भारतीय राष्ट्रवादी, वामपन्थी, वुद्धिजीवी तथा प्रगतिशील शक्ति तथा व्यक्तित्वहरूले भनिरहेका छन् ?***

यो विश्लेषण सही नै हो । भारतमा अमेरिकी प्रभाव बढेर गएको छ । त्यो पनि फौजी प्रभाव र फौजी अलायन्सका रूपमा । त्यो व्यापारको क्षेत्रमा पनि बढ्दै गएको देखिन्छ ।

अमेरिकी साम्राज्यवादको उद्देश्य भारतलाई उनीहरूको नियन्त्रणमा राख्ने पनि हो । विश्व राजनीति तथा फौजी रणनीतिका हिसाबले सामरिक महत्व बोकेको दक्षिण एशियामा रहेको सबैभन्दा ठूलो देश भारतलाई आफूसँग मिलाउन पाएमा त ठूलै रणनीतिक फइदा हुने भयो अमेरिकाका लागि ।

यो रूपमा भारतलाई अमेरिकाले प्रयोग गर्न खोजेको देखिन्छ । भारतीय राष्ट्रवादी तथा वामपन्थी, वुद्धिजीवीहरूको तर्कमा सत्यता छ । सैन्य होस् वा राजनीतिक, कुटनीतिक होस् वा तात्कालिक, जे कुरा वा तर्क गरेर भए पनि मोदीले नवउपनिवेश फैलाउन भारतमा अमेरिकीहरूलाई स्वागत गरेकै हुन् । यो जनतामा छिपाएर छिप्ने कुरा होइन ।

***रुसमा हुँदै गरेको 'भोस्टोक सैन्य अभ्यास'को विरुद्धमा भारतीयहरूलाई अमेरिकाले उकास्दै छ भनिएको छ । यसमा कति सत्यता छ ?***

अमेरिका र भारतका बीचमा निकै गहिरो साँठगाँठ हुँदै गएपछि चीन र रुस पनि सतर्क भएको कुरा साँचो हो । भिन्न सोच र अलायन्स बनाउनेहरूका बीचमा यो त स्वभाविक कुरा पनि हो ।

अहिले रुसको भोस्टोकमा हुँदै गरेको सैन्य अभ्यास पनि त्यसैको एउटा रूप हो । भनिएको पनि छ कि स्टालिनको समाजवादी रुसमा भएको सैन्य अभ्यास पछिको यो सबैभन्दा ठूलो सैन्य अभ्यास पनि हुने छ । जसमा तीन लाख सेनाहरूले एकै पटक भाग लिने, ३६ हजार ट्र्यांकहरूसहित सैन्य अभ्यास गरिने र एक हजारभन्दा बढी लडाकु विमानहरूले आकाशमा हवाई युद्ध अभ्यास गर्ने कुरा पनि सार्वजनिक गरिएको छ ।

यसले अन्तर्राष्ट्रिय रूपमा ठूलो ध्रुवीकरणको प्रक्रियालाई अघि बढाएको छ । त्यसले हाम्रो जस्तो भूरणनीतिक महत्व बाकेको देशमा ठूलो असर पार्ने छ ।

१३. यस्तो अन्तर्राष्ट्रिय परिस्थिति निर्माण हुँदै गर्दा नेपालको रणनीतिक सोच कस्तो खालको भएमा राम्रो हने थियो ?

यस्तो खाले अन्तर्राष्ट्रिय परिस्थिति निर्माण हुँदै गर्दा नेपाललाई सबैभन्दा बढी खतरा भारतीय विस्तारवादबाट नै छ । यसकारण नेपाल बढीभन्दा बढी भारतीय गतिविधिबाट नै सतर्क र सचेत रहनु पर्दछ । भारतीय विस्तारवादले नेपालमाथि निरन्तर अतिक्रमित हातहरू बढाउँदै आएको छ ।

तर चीनको भने सापेक्षतामा नेपालको सार्वभौमिकता र स्वभिमानमाथि सकारात्मक धारण रहँदै आएको छ । यसले नेपालमाथि अतिक्रमण पनि गरेको छैन । भारतको जस्तो हस्तक्षेप पनि गरेको छैन ।

अबको खतरा भनेको भारतीय विस्तारवाद नै हो । र, यसका नेपाल विरोधी गतिविधिका विरुद्ध हामीहरू एक भएर लड्नु पर्छ । यही नीति नै समयसापेक्ष र वैज्ञानिक दुवै हुन सक्छ । यसका लागि जनतामा जनचेतनामूलक कार्यक्रमहरूसहित संघर्षलाई अघि बढाउनु पर्छ ।

**नेपालका वास्तविक सीमाहरू नक्साङ्कन गरिएका सीमा नक्सादेखि लिएर भौगोलिक सीमा भ्रमण र अनुगमनसहित यो अध्ययन अनुसन्धानका कुरालाई हामीले अघि बढाउनु पर्दछ । भारतले सीमा नक्सासम्बन्धी विभिन्न सामग्रीहरू पठाएर उसका नेपाली दलाल मार्फत् जुनखालको विभ्रम फैलाउन प्रयास गरेको छ, त्यसको भण्डाफोर गर्दै संघर्षको उठान गर्नु पर्दछ । सशक्त जनआन्दोलनको उठान गर्न सकियो भने त्यसको बलमा मिचिएको नेपाली भूभागहरू फिर्ता लिन सकिन्छ ।**

# राष्ट्रिय सम्मेलनको तयारीमा क्रान्तिकारी पत्रकार महासंघ




काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको छ । संगठनको दोस्रो राष्ट्रिय सम्मेलनको तयारीका लागि महासंघले काठमाडौंको अनामनगर घट्टेकुलो स्थित इच्छुक प्रतिष्ठानमा १९ र २० भदौमा विशेष राष्ट्रिय भेला भव्य रूपमा सम्पन्न गरेको छ । विशेष राष्ट्रिय भेलाले ४ सदस्य पछि थप्ने गरी इन्द्र राउतको नेतृत्वमा २५ सदस्यीय सम्मेलन आयोजक समिति निर्माण गरेको छ । भेला र आयोजक समितिको बैठकले लिएका निर्णय सार्वजनिक गर्नका लागि महासंघको सम्मेलन आयोजक समितिका अध्यक्ष इन्द्र राउतले शुक्रबार जारी गरेको वक्तव्यमा भेलाले पदीय जिम्मेवारी वहन नगरेको ठहर गरी अघिल्लो समितिका महासचिव केशरमणि कटुवाल, सदस्यहरू युवराज अर्याल, अनित पाण्डे र ज्ञानुमाया पंगेनीलाई जिम्मेवारीबाट हटाएको उल्लेख गरिएको छ । वक्तव्यमा भेलाले धनञ्जय अवस्थी (कञ्चनपुर), सागर श्रेष्ठ (काठमाडौं), विष्णु आले (ललितपुर), शिवशंकर पाण्डे (रौतहट), राजेन्द्र सुवेदी (कास्की)लाई आयोजक समितिको केन्द्रीय जिम्मेवारीमा थप गरेको पनि जनाइएको छ ।

राष्ट्रिय सम्मेलनलाई लक्षित गर्दै जिल्ला तथा प्रदेशको भेला सम्मेलन तिहारअघि नै गरिसक्ने निर्णय गरेको उल्लेख गरिएको वक्तव्यमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी मुलुकी संहिताको खारेजीको माग गर्दै जिल्ला, प्रदेश तथा केन्द्रले विभिन्न कार्यक्रम गरी विरोध जनाउने र नेपाल पत्रकार महासंघले घोषणा गरेको आन्दोलनमा सहभागिता जनाउने निर्णय समेत गरेको जनाइएको छ ।

वक्तव्यमा उल्लेख गरिए अनुसार भेलाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्राविरोधी सरकारले ल्याएको मुलुकी संहिताका विरुद्ध खेद प्रस्ताव पारित गर्दै उक्त ऐन खारेजी लगायत विभिन्न समसामयिक प्रस्तावहरू पारित गरेको छ । भेलाले अध्यक्ष इन्द्र राउतले प्रस्तुत गरेको विधान, प्रतिवेदन सम्मेलनसम्म समृद्ध पार्ने गरी सर्वसम्मतले पारित भएको छ ।

## अमेरिकी ठूला पत्रिका 'ज्युज'को हातमा छन्- *सीपी गजुरेल*



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल 'गौरव'ले पत्रकारिता क्षेत्रमा पनि संयुक्त मोर्चा जरुरी भएको कुरा बताएका छन् । क्रान्तिकारी पत्रकार महासंघको काठमाडौं अनाम नगर घट्टेकुलोस्थित इच्छुक सांस्कृतिक प्रतिष्ठानको हलमा बुधवार आयोजित विशेष राष्ट्रिय भेलामा उक्त कुरा बताएका हुन् ।

अध्यक्ष गजुरेलका अनुसार अमेरिकी साम्राज्यवादले युद्ध बजेटभित्र नै मेडिया बजेट छुट्याउने गरेको कुरामाथि प्रकाश पार्दै विश्वमा हाल चलिरहेका कर्पोरेट मिडिया यसकै ज्वलन्त उदाहरण भएको बताएका थिए । विज्ञापन, सम्मेलन, पत्रकार भेटघाट, अनुदान सहयोग र व्यक्तिगत खर्च आदि साम्राज्यवादीहरूले यी मिडियाहरूमा दिने गरेको बताए ।

त्यसैले पत्रकारिता क्षेत्रमा पनि क्रान्तिकारीहरूले संयुक्त मोर्चा बनाउनु जरुरी छ भन्दै गजुरेलले हालका कर्पोरेट मिडिया र ओली-दाहाल जस्ता दलालहरूको भण्डाफोर गर्न यिनका विरुद्ध मिडिया मोर्चा बनाउनु पर्ने आवश्यकतामा जोड दिए । अमेरिकामा संसारका सबैभन्दा धनी जाति ज्युजहरूले मिडियामा लगानी गर्दछन् भन्दै गजुरेलले भने हरेक अमेरिकी राष्ट्रपतिले इजरोयलको पक्षमा वकालत गर्नु यी ज्युजहरूको ताबेदारी गर्नका लागि हो ।

पार्टीले निर्माण गरेको संयुक्त मोर्चाको सबैभन्दा राम्रो उदाहरण चीनमा रहेको तथ्य सार्वजनिक गर्दै उनले चीनमा क. माओले डा. सन यात्सेन रहँदा क्वोमिन्ताङ पार्टीसँग पहिलो पटक सहकार्य गरेको कुरा बताए । क्वोमिन्ताङ पार्टीको त्यति बेलाको चरित्र सामन्त तथा साम्राज्यवाद विरोधी प्रजातन्त्रवादी थियो र यसैको नेतृत्वमा चीनमा गणतन्त्र स्थापना भएको थियो भन्दै नेपालमा भने आफूलाई कम्युनिस्ट भनेर नथाक्ने केपी ओली र पुष्पकमल दाहालहरू साम्राज्यवाद र विस्तारवादको दलाल भएका छन्, त्यसैले उनीहरूसँग संयुक्त मोर्चा हुनैसक्दैन ।

संयुक्त मोर्चालाई युद्धकालमा क. माओले सबैतिर लागु गर भन्ने गरेको कुरालाई स्मरण गर्दै गजुरेलले मुख्य दुश्मन चिन र जनतालाई एकतावद्ध पार भन्ने माओको मोर्चा सम्बन्धी नीति चीनका अस्पतालहरूमा आफ्नो परिस्थितिमा अनुकूल विरामीहरूले पनि अनुशरण गरेको बताएका थिए । उनका अनुसार ती विरामीका मित्रशक्तिहरूमा नर्स, डाक्टर र अस्पतालमा काम गर्ने कामदारहरू थिए ।

देशमा हुने क्रान्तिका बेला शक्ति सन्तुलन आफ्नो पक्षमा भए क्रान्ति जितिन्छ, छैन भने हारिन्छ भन्दै गजुरेलले शक्ति सन्तुलन क्रान्तिकारीको पक्षमा पार्न पत्रकारको भूमिका महत्वपूर्ण हुने बताए । नेपालमा पनि राजा नभइ हुँदैन भन्ने पार्टीहरू एकपटक त गणतन्त्रको पक्षमा आए यो सबै शक्ति सन्तुलनको कारण नेपालमा गणतन्त्र आयो । यसमा मिडियाको भूमिका उल्लेखनीय छ ।

## पत्रकारिता आफैमा आन्दोलनकर्ता पनि हो : *रामसिंह श्रीस*



काठमाडौं । क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा प्रकाशन विभागका इञ्चार्ज रामसिंह श्रीसले पत्रकारिता आफैमा संगठनकर्ता र आन्दोलनकर्ताका साथै प्रचारकर्ता पनि भएको कुरामा जोड दिएका छन् । क्रान्तिकारी पत्रकार महासंघको काठमाडौं अनाम नगर घट्टेकुलोस्थित इच्छुक सांस्कृतिक प्रतिष्ठानको हलमा बुधवार आयोजित विशेष राष्ट्रिय भेलामा श्रीसले उक्त कुरा बताएका हुन् ।

रुसमा अक्टोबर क्रान्ति सम्पन्न हुनुपूर्व लेनिनले इस्क्रादेखि नयाँ इस्क्रा चलाउँदासम्मको वैचारिक तथा सम्पादकीय संघर्षपूर्ण इतिहासको चर्चा गर्दै श्रीसले लेनिनका पालामा चलेको भूमिगत प्रेस तथा पत्रिका वितरणको रोचक प्रसंग पनि उल्लेख गरेका थिए । भूमिगत प्रेसबाट पत्रिका निकाल्ने र प्रेसमाथि रहेका तरकारी तथा फलफूल बजारबाट सागपात तथा फलफूल त्यही पत्रिकामा पोको पारी पत्रिका वितरण गर्ने गरिएको प्रसंग कोट्याउँदै श्रीसले नेपालमा अहिले प्रचारका लागि त्यो बेलाका भन्दा कैयौं खुकुलो र सहज वातावरण भएको अवस्था रहेकाले जनपक्षीय समाचार संप्रेषणमा क्रान्तिकारी पत्रकारहरू एकढिक्का भएर लाग्नु पर्ने बताए ।

कुरा जे गरे पनि वर्गका हुने भएकाले एक वर्गको स्वतन्त्रता अर्को वर्गका लागि अधिनायकत्व हुने भन्दै श्रीसले वर्तमान दलाल सरकारका प्रजातन्त्र र समृद्धिका कुरा जनताका लागि फासीवादी अधिनायकत्व भन्दा केही नहुने बताए । जनताको बहुमतको सरकार भएको भनी जति प्रचार गरे पनि यो मुट्ठीभर दलाल तथा नोकरशाहहरूको आफ्नो स्वार्थ सिद्धिको अधिनायकत्व मात्र हो, श्रीसले बताए ।

क्रान्तिकारी पत्रकारहरूले नेपालका सन्दर्भमा किसान तथा मजदुरका हक र हितका कुराहरू उठाउनु नै वर्गीय कुरा हुने भएकाले श्रीसले यिनैको पक्षमा जोडदार आवाज उठाउनु पर्ने कुरामा जोड दिएका थिए ।

# अखिल नेपाल महिला संघ (क्रान्तिकारी) काठमाडौंको जिल्ला भेला सम्पन्न

काठमाडौं । अखिल नेपाल महिला संघ (क्रान्तिकारी) काठमाडौंको जिल्ला भेला सोमबार ललितपुरको कुपण्डोलमा सम्पन्न भएको छ । संगठन विस्तार तथा जनपरिचालन अभियान अन्तर्गत सम्पन्न उक्त भेलाले शान्ता पण्डितको अध्यक्षतममा २१ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

नव निर्वाचित समितिको उपाध्यक्षहरूमा सुमित्रा न्यौपाने, कुमारी थापा, सुधा पन्थी, अमिरमैयाँ रञ्जितकार रहेका छन् । त्यसै गरी सचिवमा विष्णु न्यौपाने, सहसचिवमा अन्जना शाही र कोषाध्यक्षमा मधु श्रेष्ठ रहेका छन् । त्यसै गरी सदस्यहरूमा छिरिङ अम्बु शेर्पा, कल्पना थापा, विष्णुकुमारी पन्त, बन्दना भण्डारी, रूपा अधिकारी, कमला स्युठानी, ललिता दानाकुटी निर्वाचित भएका छन् । नव निर्वाचित जिल्ला समितिको सल्लाहकारहरूमा सुकुमाया शेर्पा र बैकुण्ठलक्ष्मी श्रेष्ठ रहेका छन् ।

भेला कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को केन्द्रीय अध्यक्ष लक्ष्मी मुडभरीले नेपालमा नेकपाको बहुमतको सरकारले जनताका नाममा विभन्न फौजी तथा देवानी संहिताहरू सार्वजनिक गरेर कार्यान्वयनमा लैजाँदै गर्दा महिला हिंसा र महिला विरोधी गतिविधिहरूमा झन् बढोत्तरी हुँदै गएको परिस्थितिमाथि प्रकाश पार्दै यसको सामनाका लागि महिला सचेत रूपमा संगठित हुँदै संघर्षमा अघि बढ्नुपर्ने कुरामा जोड दिएकी थिइन् ।

अध्यक्ष मुडभरीले बाहिर समाजमा महिलाविरोधी वातावरण र गतिविधि बढ्दै जानु र संहिताहरूमा अंश र बंशका बारेमा महिलालाई वास्तविक अधिकार दिन अनकनाउनुले महिला अधिकार प्राप्तिका लागि अझैं मार्ग प्रशस्त हुन नसकेको कुरामा प्रकाश पारेकी थिइन । उनले अहिले ठूल्ठूला आन्दोलनहरू उठ्न नसकिरहेको अवस्थामा जनजीविकाका साथै महिला हिंसा र महिलाविरोधी गतिविधिहरूलाई उठाएर सडकमा लैजानु पर्ने कुरामा जोड दिएकी थिइन् ।

भेलामा प्यानल प्रस्ताव प्रस्तुत गर्ने क्रममा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की केन्द्रीय सचिव शारदा महतले हिंजो आन्दोलनबाट आएका महिलाहरू नेतृत्व र नेतृहरू आज पलायन भएर संसदीय व्यवस्थामा बिलाएर सिद्धिइसकेपछि फेरि क्रान्तिकारी महिलाहरूले अघि बढ्ने संकल्प गर्नुपर्ने अवस्था सिर्जना हुन गएको यथार्थतालाई कोट्याउँदै महिला हिंसा र महिला विरोधी गतिविधिका विरुद्ध संघर्षका कार्यक्रमहरू अघि बढाउनुपर्ने कुरामा जोड दिइन् । आज महिलामैत्री कानुन बनेको प्रचार गरिइँदै छ, तर आंशिक रूपमा बने बनाइएका यी कानुनहरू पनि कार्यान्वयनमा लैजान निकै गाह्रो छ भन्दै महतले अहिले दलाल तथा नोकरशाही वर्गको शासनसत्ता स्थापना भएकाले यसले आम जनताका साथै उत्पीडितहरू र त्यसमा पनि महिलाका कुरा संबोधन गर्नै नसक्ने बताइन् ।

सहसचिव रिना गेलालले महिला हिंसा र बलात्कार महिलाको अस्तित्व र अस्मिता माथिको ठाडो चुनौती बनेको बताइन् । विगतमा लामो समयसम्म युद्ध तथा आन्दोलनको अग्रमोर्चामा रहेर महिलाहरूले नेतृत्व गर्दै आएको स्मरण गर्दै गेलालले जनयुद्धकालमा महिलाले खेलेको भूमिकामाथि प्रकाश पारिन् । तर त्यतिबेला निर्माण गरिएका महिला नेतृहरू हालको संसदीय भासमा डुबिसकेकाले अब नयाँ र सबल नेतृत्व निर्माण गर्नुपर्ने बेला आएको बताइन् । हालको महिला नेतृत्वको कार्यभार यही नै रहेको बताउँदै गेलालले अब उठ्ने र उठाइने संघर्षसँगै महिला नेतृत्व सशक्त भएर आउने बताइन् ।

भेलामा शुभकामना मन्तव्य दिँदै शिला योगीले हामी थोरै छौं वा कमजोर छौं भनेर निराशा, कुण्ठा र हीनताबोध नपाल्न उपस्थित सबैलाई आग्रह गर्दै उच्च मनोबलका साथ अघि बढ्न उत्साह प्रदान गरिन् ।

सपना नमरेकाहरू सबै एकजुट भएर अघि बढ्न आह्वान गर्दै सञ्चालक विष्णु न्यौपानेले अबको यात्रा विगतबाट पाठ सिकेर अघि बढ्न जरुरी भएको बताइन् ।

भेलाका अध्यक्ष शान्ता पण्डितले महिला हिंसाका घटनाहरूका विरुद्धमा सडकमा कडाइका साथ जानुपर्ने कुरामा जोड दिइन । उनले भनिन- हामी फरक मान्छेहरू हौं र सपना भुलेका मान्छेहरू हौं, त्यसैले हामी निरन्तर रूपमा अघि बढिरहनु पर्छ । आशावादिताका साथ हाम्रो भूमिकालाई बढाउँदै लैजाऔं ।

# 'जनवादी क्रान्तिका भगौडाहरु एकजुट भएपछि देशमा संकट बढेर गएको छ'



काठमाडौं । नयाँ जनवादी गणतन्त्र स्थापनाका लागि घनिभूत रुपमा दश वर्षसम्म जनयुद्ध लडे पनि घुमिफिरी संसदीय व्यवस्थाको स्थापना भएको भन्दै नयाँ जनवादी क्रान्तिका भगौडाहरु यो वा त्यो रुपमा जनवादी क्रान्ति सम्पन्न भइसकेको भनेर एमालेमा मिसिन गएपछि देशको संकट झन् चुलिन गएको नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले बताएका छन् । क्रान्तिकारी पत्रकार महासंघको काठमाडौं अनाम नगर घट्टेकुलोस्थित इच्छुक सांस्कृतिक प्रतिष्ठानको हलमा आयोजित विशेष राष्ट्रिय भेलालाई प्रशिक्षण दिने क्रममा उनले उक्त कुरा बताएका हुन् ।

भ्रमको खेती गदै आएको एमालेमा त्यही भ्रमको थप खेती गर्ने नयाँ भ्रमकारी तात्कालीन माओवादी (केन्द्र) थपिन गएपछि संख्यामा बढोत्तरी हुँदा जनतामाथि पर्न गएको वैचारिक भ्रम ती दुई एक भएपछि साफ हुन गएको कुरा महासचिव किरणले चोटिलो रुपमा खुलासा गरेका छन् । किरणले क्रान्ति सम्पन्न भएको अवस्थामा राज्यव्यवस्था नै एक वर्गबाट अर्को वर्गमा हस्तान्तरण हुन पुग्छ भन्दै नेपालमा त्यसो नभएको बताएका छन् ।

के हुन सक्छन् नेपालमा नयाँ जनवादी क्रान्तिका आधारहरु भन्ने कुरामाथि प्रकाश पार्ने क्रममा महासचिव किरणले राष्ट्रियताको प्रश्न पहिलो हुने बताएका छन् । उनका अनुसार भारतले सीमा मिचिरहेको, पिलर सारिरहेको, हेप्ने र दम्काउने गरिरहेको र मिचाहा प्रवृत्ति कामयमै राखिएकाले जनवादी क्रान्तिका लागि राष्ट्रिय स्वाधीनताको प्रश्न पहिलो आधार हुनगएको बताएका छन् ।

देशको समृद्धि र विकासका लागि प्राकृतिक स्रोत साधन, मानवीय स्रोतसाधन, प्रविधिमैत्री कार्यक्रम, जनताको चासो, सहयोग र सहभागिता आदिका साथै लगानीका लागि आवश्यक बजेट नभएको कुरामाथि प्रकाश पार्दै महासचिव किरणले नेपालमा हाल रहेका प्रकृतिक स्रोत साधनहरु बेच्दै गरेको, नदीहरु बेच्दै गरेको, सीमा अतिक्रमणमा चूप रही माटो बेचेको र देशको ठूलो जनशक्ति सिंगो युवा पुस्ता विदेशिएको र आर्थिक टाट पल्टेको अवस्थामा देशको विकास र समृद्धि हुन नसक्ने बताएका छन् ।

लोकतन्त्र भनेको समानता र समावेशिता पनि भएको भन्दै महासचिव किरणले देश राजनीतिक रुपमा न त समावेशिता छ, न त सापेक्षिक समानता नै भन्दै आर्थिक रुपमा देश पूरै व्यापार घाटा छ, सबै निकासीबाट धानिएको छ र पैठारी शुन्य जस्तै भएको दावा गर्दै जनवादी क्रान्तिका भगौडाहरु एमालेमा मिसिन गएपछि संकट झन् गुणात्मक रुपमा बढेर गएको बताए ।

किरणले हामीले उज्यालो बत्ती बाल्नु पर्छ, त्यो उज्यालो देखेर देश र जनताको माया गर्नेहरु सबै हामीसँग गोलबन्द हुने छन् भन्दै प्रचार प्रसारको आफ्नो अभियानलाई दृढतापूर्वक अघि बढाउन आह्वान गरेका थिए ।

# चीनले सामुद्रिक बन्दरगाह खुला गर्दा ओलीलाई सकस



काठमाडौं । नेपालका लागि चीनले सामुद्रिक बन्दरगाह खुला गर्दा प्रधानमन्त्री ओली सकसमा परेका छन् । चीन र नेपालका बीचमा व्यापार तथा पारवाहन सन्धिको प्रोटोकल तयार भई हस्ताक्षर भएपछि ओली सकसमा पर्न गएका हुन् । हस्ताक्षरित प्रोटोकलका अनुसार चीनले आफ्ना लागि प्रयोग गरिरहेको सामुद्रिक तथा सुख्खा बन्दरगाह नेपालका लागि तेस्रो देशसँग व्यापार गर्न खुल्ला गर्ने भएको बताइएको छ ।

ओलीको चीन भ्रमणका क्रममा मोदीले 'त्यसो नगर्नू' भनी फोन वार्तामार्फत् ओलीलाई यसो छुस्स भनेपछि ओलीले नेपालको तर्फबाट प्रोटोकल हस्ताक्षरका लागि कुनै पनि तयारी नभएको भनी खाली हात स्वदेश फर्किएका थिए । तर चीनले नेपालमै त्यसको तयारी गरी हस्ताक्षर गर्न गराउन लगाएको बुझिएको छ । स्रोतका अनुसार नेपाली जनतामा चीनप्रतिको मित्रता र विश्वासमा ओलीको कारणले कमी आउन थालेपछि उक्त प्रोटोकल नेपालमा नै तयार पारी हस्ताक्षर गरिएको हो ।

एक भूपरिवेष्ठित देशले अन्तर्राष्ट्रिय कानुन अनुसार पाउनु पर्ने अधिकार छिमेकी देश भारतले बारम्बार कुण्ठित गरिरहे पछिको यो कठिनाइपूर्ण अवस्थामा अर्को छिमेकी देश चीनले बन्दरगाह खुल्ला गर्नु नेपालीका लागि निकै खुशीको कुरा हो ।

तर योसँगै जोडिएको दुःखको कुरा भनेको यी अधिकार चीनले व्यापार तथा पारबाहन संझौतामार्फत् नेपाललाई उपलब्ध गराएपछि नेपालले कुन कुन र कस्ताखाले उत्पादनहरू बढाएर विदेश पैठारी गरी यी बन्दरगाहबाट तेस्रो देशसँग व्यापार गर्ला त, यी भने भारतको चाहनामा लिस्टिङ गरिने प्रम ओलीले बताउँदै आएका छन् ।

यसबारेमा प्रम ओलीको बाग्वचन आएपछि नेपाल सरकारको उद्योग तथा वाणिज्य मन्त्रालयले केही कुरा पनि आधिकारिक रूपमा हालसम्म सार्वजनिक गरेको छैन । नेपालीहरूलाई प्रोत्साहित गरी नेपालका उत्पादनहरू विदेशमा पठाउने गरी उद्योग वाणिज्य संघ, व्यापारी तथा साना उद्योग र हस्तकला तथा अन्य सम्बन्धित पक्षलाई पनि यो बारेमा सोधपूछसम्म गरिएको छैन ।

नेपालले भोग्दै आएको समस्या के हो भने कहिल्यै पनि देश र जनताका बारेमा शासकहरूले सोच्दैनन् । र, यसका लागि गृहकार्य पनि गर्दैनन् । विदेशीसँग भएका र हुने गरेका अधिकांश सन्धिसम्झौताहरूमा कहिल्यै पनि नेपालको गृहकार्य र तयारी रहेको पाइँदैन ।

हाल नेपालबाट उत्पादन भई भारतको स्थानीय बजारमा पठाइने एकदमै नगन्य मात्राका कृषि उत्पादनहरू सिमानामा महिनौ दिन राखेर सडाइएका हुन्छन् । चिया, अलैची, नरीवल तथा सुपारीको निर्यातमा भारतले सधैं किचकिच गर्ने र महिनौंसम्म लिन नमानेर किसानहरूलाई मर्कामा पार्ने गरिरहेको छ । यसै कारणले पनि रुद्राक्षको व्यापार भारतसँग नगरेर जनताले जनस्तरबाटै चीनसँग गर्ने गरिरहेका छन् ।

पछिल्लो पटक अर्गानिक चिया राम्रो तथा गुणस्तरीय रूपमा उत्पादन हुन थालेपछि भारतले यस विषयलाई लिएर निकै महंगो व्यापार कर लगाउने गरेको छ । यसबारेमा नेपाल सरकार कहिल्यै पनि चुँसम्म बोलेको र पहलसम्म गरेको इतिहास पनि छैन ।

त्यस अतिरिक्त नेपाली ढाका कपडा, पस्मिना तथा गलैंचा निर्यातमा पनि भारतले निकै दुख दिने गरिरहेको छ । यसका लागि पनि चिनियाँ बन्दरगाह सहज र सुविधाजनक हुन सक्छ ।

तर दुखको कुरा, नेपाल सरकारको तर्फबाट यी गृहकार्यहरू आफैले नगरेर भारतसँग साधपूछ गरिरहेको भन्ने अति गोप्य कुरा जनताको माझमा जानकारीमा आउन थालेको छ ।

# अमेरिकाबाट 'ड्रोन प्रविधि' किन्दै भारत



काठमाडौं । वासिंगटन र दिल्ली बीचमा सैन्य सहकार्यका लागि एक रणनीतिक संझौतामा हस्ताक्षर भएको छ । अमेरिकी रक्षा सचिव जेम्स मेट्रिस अमेरिकी विदेश सचिव माइक पोम्पेओ, भारतीय विदेश मन्त्री सुष्मा स्वराज र भारतीय रक्षा मन्त्री निर्मला सिथारमनको संयुक्त हस्ताक्षरपछि उक्त सैन्य सम्झौता 'कोम्कासा' ले पूर्णता पाएको हो । एक दशक भन्दा लामो समयसम्म गृहकार्यपछि गरिएको यो संझौता भारतका लागि अनपेक्षित तर अमेरिकाका लागि निरन्तर अभ्यास भएको बताइएको छ । यसलाई दिल्लीले अभूतपूर्व र क्रमभंग भनेको छ ।

अमेरिकासँग संसारभर सैन्य सहकार्य गरिरहेका देशहरूमध्ये थोरै देशमा भारत पनि गणनामा परेको छ । यो गणनामा भारत तीसौं नम्बरमा रहेको वासिंगटनले बताएको छ । सिथारमनका अनुसार यो सम्झौताले अमेरिका-भारत सम्बन्धलाई एक अभूतपूर्व उचाइमा उठाएको छ । जेम्स मेट्रिसका अनुसार यो संझौता आफैमा दक्षिण एशियामा र संसारमै पनि अद्वितीय महत्वको रहेको छ ।

अमेरिकाले लामो समयदेखि भारतलाई सञ्चार, मैत्रित्व र सुरक्षा सहमति (कोम्कासा) गर्न र अमेरिकी उच्च प्रविधियुक्त अस्त्रहरू भारतमा भित्र्याउन बारम्बार प्रेरित गर्दै आएको थियो । यसमा भारतीय प्रविधि क्षेत्रमा अमेरिकी सशस्त्र ड्रोनहरू पनि किनेर ल्याउन सकिने बताइएको छ ।

भारतले आफ्नो सीमा नजिक रहेको हिन्द महासागरमा चिनियाँ गतिविधिमाथि प्रहार गर्न यी र यस्ताखाले अस्त्रहरू अमेरिकाबाट लामो समयदेखि ल्याउन चाहिरहेको थियो । र, अमेरिकाका अनुसार यो कुरा अमेरिका समक्ष प्रस्ताव पनि गरिएको थियो ।

यो प्रस्ताव अमेरिकाले चाँडै नै लागु गर्न चाहेको तर भारतले यसै चाहनासँग जोडेर पठाएको र यसैसँग सम्बन्धित एक थप प्रस्तावले अमेरिकालाई अहिलेसम्म सोच्ने बनाएको थियो । त्यो हो, निर्मित सामग्रीहरू वा अस्त्रहरू मात्र होइन, केही अमेरिकी प्रविधिहरू पनि भारतमा भित्र्याएर भारत आफैले आवश्यक अस्त्र निर्माण गर्ने कुरा । प्रविधिको यो कुरा भारतले आफै हतियार निर्माण गर्ने सैन्य परियोजनाहरूसँग प्रत्यक्ष जोडिएको छ ।

हाल मात्र नरेन्द्र मोदीको पालामा आएर गरिएको यो सहमतिले मोदीको आफ्नै देशमा बनाऊ भन्ने नीतिलाई थप सहयोग पुर्‍याएको भारतीय सैन्य विश्लेषकहरूले बताएका छन् । भुटानको दोक्लाममा चिनियाँ सेनाबाट अन्तर्राष्ट्रिय बेइज्जत हुने गरी भारत पछाडि हट्नु परेपछि मोदीको निद नै हराम भएको छ ।

यो सम्झौताअनुसार भारतले अमेरिकासँग जल, थल र वायु गरी तीनवटै सेनाको संयुक्त सैन्य अभ्यासलाई पनि अघि बढाउने छ । छिट्टै नै यो सैन्य अभ्यास हिन्द महासागरमा गरिने आन्तरिक सहमति पनि भएको बुझिन आएको छ । दिल्लीका सुरक्षासम्बन्धि जानकार तथा विश्लेषक गोपालन बालाचन्द्रनका अनुसार अमेरिकासँग गरिएको 'कोम्कासा सहमति करीब दश वर्षदेखि छलफलमा थियो र अहिले भयो, यो एउटा अभूतपूर्व क्रमभंग हो ।'

एउटा जानिमानी आएको तथ्य त के पनि हो भने अमेरिकाले उसका विराधी देशहरू चीन र पाकिस्तानविरुद्ध भारतलाई उपयोग गरी लडाइँमा होम्न कुटनीतिक रूपमा यो नीति अख्तियार गरेको स्वतः स्पष्ट हुन्छ ।

अर्कोतिर रुस, चीन र मंगोलिया लगायतका देशहरूले रुसको भोस्टोकमा केही दिनभित्रै गर्न थालेको ठूलो सैन्य अभ्यासलाई मनोवैज्ञानिक तथा प्रचारात्मक आघात पुर्‍याउन पनि ट्रम्पले यो सहमति भारतसँग गरेको हुनसक्ने विश्लेषकहरूले बताएका छन् ।

# अझै साटिएन भारु १० करोड

काठमाडौं । भारतले देशभर र दक्षिण एशियामा पनि चलनमा ल्याइएका ५०० र १००० का नोटहरू गैरकानुनी र अमान्य भनी मोदी सरकारले घोषणा गरेको पनि केही समय बितिसकेको छ । तर ५०० र १००० का भारु नोटहरू नेपाललगायत केही दक्षिण एशियाका देशहरूमा अझैं बाँकी रहेको पाइएका छन् ।

नेपालमा मात्र त्यस्ता नोटहरू १० करोड (अर्थात् नेपाली १६ करोड) सटही गर्न बाँकी छ । तर यसबारेमा नेपाल सरकारले भारतसँग खासै पहल गरेको देखिदैन । यसबाट स्थानीय जनता निकै ठूलो मारमा परेका छन् । यो समस्या भुटानमा पनि देखिएको थियो । तर भुटानी सरकारले भारतीय सरकारसँग कुरा गरेर उक्त समस्या हल गरिसकेको छ । बांगलादेश, माल्द्वीप्स, श्रीलंकाले अलि पहिल्यै यी समस्याहरू हल गरिसकेका छन् ।

# ट्रम्प प्रशासन अमेरिकी इतिहासमा सबैभन्दा अलोकप्रिय भएको ओबामाको दावी



काठमाडौं । अमेरिकाको राष्ट्रपतिय इतिहासमा ट्रम्प प्रशासन सर्वाधिक अलोकप्रिय हुन पुगेको छ । यस अघि पनि राष्ट्रपतिहरू अलोकप्रिय हुने, हत्या गरिइने र महाअभियोगको भागिदार हुने त भएकै इतिहास छ । तर सिंगो प्रशासन नै अलोकप्रिय हुने र एकपछि अर्को गरी कारवाहीमा तानिने गरिएको भने यो पहिलो पटक हो ।

पहिलो कुरा त ट्रम्पको विजय नै विवादित बनेको थियो । उनको जीतलाई सुनिश्चित गर्न दुई चरणमा निर्वाचन सम्पन्न गरिएको थियो । दोस्रो कुरा, उनको जीतमा रसियाको संलग्नता रहेको खुलासा हुन पुगेको थियो । तेस्रो कुरा, उनले पैसाको अथाह चलखेल गरेका थिए ।

यी कुराहरूले ट्रम्प र उनको प्रशासनलाई अमेरिकी जनताले त्यति योग्य र शुद्ध मान्य तयार भएनन् । जनताका आँखामा ट्रम्प हाँसोको पात्र हुन गए । जनमत एकातिर र प्रशासन अर्कोतिर हुन गयो । भोट किन्नु, धाँधली गर्नु र विजय हासिल गर्नु एटा कुरा हो, तर जनताको विश्वास लिनु भनेको भिन्न कुरा हो ।

यस्तो खालको चुनावी पृष्ठभूमिमा ट्रम्पले महिलामाथि गरेका केही यौनलिलाका फेहरिस्त पनि सार्वजनिक हुन थाले । उनीसँग यौन सम्पर्कमा आएका महिलाहरूले केही गुनासा र तिक्तता पनि पोख्न थाले । त्यसो त यस्ता कुरा उनको चुनावी दौडमा पनि नआएका भने होइनन् ।

ट्रम्पको बचाउका लागि उनका सल्लाहकार, आसेपासे र प्रशासनसम्म पनि जोडिन थाले । तर तिनीहरूले यथार्थता सार्वजनिक हुँदै जाँदा राजीनामा दिएर हात धुँदै निस्किए पनि । पछिल्लो समयमा आएर ट्रम्पका पूर्व सल्लाहकार जर्ज पापोडोपसले राजीनामा दिएर चुनावताकाका आफ्ना कमीकमजोरीहरू स्वीकार गरे ।

उनले ट्रम्पको चुनावी दौरानमा रसियाको संलग्नता र आफ्नो कमजोरीलाई स्वीकार गरे । पापोडोपसले भन्ने गरेका थिए- 'आफूसँग तात्कालिन राष्ट्रपति उम्मेदवार हिलारी क्लिन्टनका आन्तरिक जीवनसम्बन्धि केही त्यस्ता गोप्य सूचनाहरू छन्, जसले उनलाई ध्वस्त बनाउन सक्छ ।' उनले गल्ती गरेको कुरा एफ्‌बीआईसामु स्वीकार गरेका छन् । उनले 'सत्यले महत्व राख्ने' र 'राम्रो काम गर्नका लागि फेरि मौका मिल्ने' पनि बताएका छन् ।

उनले त्यसबेला रसियालाई उपलब्ध गराएका केही समग्री बारेमा हाल आएर गल्ती स्वीकार गरेका छन् । त्यस बापत उनले ९ हजार ५ सय डलर तिर्नुपर्ने र १४ दिनको श्रमशिविरमा जानु पर्ने फैसला गरिएको छ । श्रम शिविरमा उनले जनताका माझमा काम गर्नुपर्ने, धरौटी जरिवाना पनि तिर्नुपर्ने र जनतामाझ गल्ती स्वीकार गर्नुपर्ने भएको छ ।

पूर्व राष्ट्रपति बराक ओबामाले अमेरिकी जनता निकै खतरनाक समयमा बाँचिरहेका बताएका छन् । उनले वर्तमान राष्ट्रपति ट्रम्पलाई अमेरिकी जनतामा विभाजन ल्याएको, आर्थिक अर्थतन्त्र डुबाएको र रुससँग नजिकिइरहेको तीन गम्भीर आरोपहरू लगाएका छन् ।

# दूतावासभन्दा बलिया मलेसियाली दलाल



काठमाडौं । मलेसियामा नेपाली दूतावासभन्दा त्यहाँ रहेका दलाल तथा दलाल कम्पनीहरू झनै बलिया देखिएका छन् । ती बलिया दलाल कम्पनीहरूले त्यहाँ अवैधानिक रूपमा रहेका नेपालीहरूलाई दूतावास जान नदिएर आफैले महंगो रकम असुली स्वदेश फिर्ता गर्ने गरिरहेका छन् । मलेसियाली सरकारले मलेसियामा अवैधानिक रूपमा लुकेर काम गरिरहेका विदेशी कामदारहरूलाई गृह देशमा फर्कनका लागि गरिएको पुनः आह्वानको एक साताभन्दा बढी समय बिसिकेपछि सिर्जना हुन पुगेको स्थितिको अभिव्यक्ति हो यो ।

नेपाली दूतावासबाट अवैध भनिएका कामदारहरूलाई नेपाल पठाउँदा १८०० रिंगेट दस्तुरका रूपमा लाग्ने गरेको छ । तर दलाल तथा दलाल कम्पनीहरूबाट नेपालमा कामदारहरूको स्वदेशी फिर्तिका लागि भने ३००० रिंगेट दस्तुर लिने गरिएको छ ।

त्यहाँ बाध्यताले लुकेर बसेका र काम सकिएर पनि समयमा नै घर फर्कन नसकेका कामदारहरूले आफू अवैध रहेको कारण दूतावाससम्म पुग्न नसकेको बताएका छन् । जहाँ पनि दलालको बिगबिगी रहेको र उनीरुको संजाल दूतावाससँग जोडिएको हुनाले मलेसिया स्थित नेपाली कामदारहरू निकै मारमा परेको दुख व्यक्त गरेका छन् ।

दूतावास र त्यहाँस्थित कर्मचारीहरूका अनुसार ती अवैध नेपाली कामदारहरू कहाँ हुन्छन् उनीहरूलाई जानकारी नै हुने गरेको छैन । त्यहाँ बसेर पक्राउ परी जेलको जीवन बिताउनु भन्दा दलालहरू मार्फत् नेपाल फर्किन पाए पनि त्यो ठूलो काम हुने भन्दै दलाहरूले नराम्रो काम नगरेको स्वीकार गर्ने गरेका छन् । कर्मचारीहरूका अनुसार रकम केही महंगो तिरे पनि देश फर्कन र अवैध बसेवापत नेपालीहरूले जेल र यातना त भोग्नु परिरहेको छैन । हालसम्म पनि नेपाली अवैध कामदारहरूको संख्या मलेसियामा उल्लेख्य रहेको बताइएको छ ।

'हामी पनि छौं' : जर्मनीमा जातिवादविरोधी कन्सर्ट

काठमाडौं । जर्मनीमा आयोजित एक जातिवाद विरोधी कन्सर्टमा ६५ हजार मानिसहरूले भाग लिएका छन् । थोरै मानिसहरूले मात्र भाग लिने ठानिएको उक्त कन्सर्टमा यति ठूलो उपस्थिति ऐतिहासिक नै थियो ।

एक आप्रवासीले चक्कु प्रहार गरेर स्थानीय जर्मनको हत्या गरेपछि चरम दक्षिणपन्थीहरूले 'हामी मानिस हौं' भनेर नारा, जुलुश र प्रदर्शन गरेका थिए । त्यसपछि जातियताको आगो क्रमशः बल्न थालेको थियो । यसलाई मत्थर पार्न र मानवीय समवेदना र सम्बन्ध स्थापित गर्न एक कन्सर्टको आयोजना गरियो । यसमा जर्मन तथा गैरजर्मनहरूको संख्या ठूलो मात्रामा उपस्थित भयो ।

स्थानीय जर्मनको हत्यापछि फैलिएको आप्रवासीविरुद्धको अविश्वास, घृणा र दुश्मनीको ठाउँमा यो कन्सर्टले आपसी विश्वास, प्रेम र सहकार्यको वातावरण सिर्जना गरेको छ । कन्सर्टमा 'हामी मानिस हौं' भन्नेहरूसँगै 'हामी पनि छौं' भन्ने पनि एकसाथ थिए ।

# जनवादी विहेको क्यानभासमा छोरीको सम्झना

● नरबहादुर महरा

छोरीको मृत्युको खबरले म अत्यन्त मर्माहत भएको थिएँ । लामो समयपछि घर फर्कंदा बाटामै सुन्न नचाहँदा नचाहँदै अचानक एक महिलाले सो खबर सुनाइन् । म एक युद्ध यात्री । क्रान्तिकारीहरूको नजरमा एक क्रान्तिकारी योद्धा, सक्षम कार्यकर्ता । प्रतिक्रियावादीहरूका लागि एक खुंखार आतंककारी । त्यसैले कामको चाप र व्यस्तताले पनि र क्रान्तिकारी दायित्वले पनि मेरो घर आउजाउ एकदम कम हुन्छ । काम विशेषले रुट पर्न गएमा महिनामा एक दुई चोटि अन्यथा महिनौं पछि घरपरिवारसंग मेरो भेट हुन्थ्यो र अद्यावधि त्यही नै हुन्छ ।

म त्यो बेला निकै लामो समयपछि घरतिर फर्किंदै थिएँ । आफ्नो पहिलो सन्तान, जसको जन्मदेखि नै हरेक आमा-बाबुले यौटा भिन्दै संसारको निर्माणको रेखाचित्र खिंचेको हुन्छ । त्यसैअनुरूप पालन पोषण गरेको हुन्छ । तर त्यही सन्तान सोह्र सत्रको वयमा जब भौतिक रूपमै अवसान हुन्छ, त्योबेला ती बाबु-आमाको छाती कसरी फुट्दो हो, अकल्पनीय छ ।

म स्तब्ध भएँ । मुटु भक्कानिएर आयो । छाती निचोरिएर आयो र आँखाबाट बर्र अश्रुधार साउने भेल बनेर उर्लियो । रिंगटा लाग्ला झैं भयो । आफूलाई सम्हाल्ने कोशिष गरें । अडिने साहस पटक्कै भएन र बलँगै पछारिएँ ।

मेरो आँखा खुल्दा साथीले सालको पातले मेरो मुखमा हम्किंदै थियो । मैले पानी मागें साथीले सालकै पातमा अलिपरको खोल्सादेखि पानी लियो र पिलाइदियो । घर पुग्न अझैं डेढ दुई घन्टा हिंड्नुपर्थ्यो । मेरी छोरीकै समवयका अरु धेरै अनुहारहरू एकएक गरी मेरा अँखा अगाडि नाच्न आए । कसैको बिहे भइसकेको छ, कोही नौ दश कक्षामा पढ्दैछन् । कसैले क्याम्पस ज्वाइन गरेका छन् र यसले मलाई झन् पीडा दियो । मैले आफ्नो मनलाई अन्तै डुलाएर भुल्न खोजें ।

'राहुल दाइ, लाल सलाम !'

म झस्किएँ , पछाडिबाट विद्यार्थी संगठक नितु देखा परिन् ।

'लाल सलाम !' भनेर मैले उनीतिर हात बढाएँ ।

'घरतिर जाँदै हुनुहुन्छ ?'

नितुको प्रश्नको जवाफ नै मबाट हरायो । किनकि म आफैं कहीं उराठलाग्दो मरुभूमिमा हराइरहेको थिएँ । म आफैंलाई होस नभएजस्तो । म घरतिर जाँदैथिएँ वा अन्यत्र कतै ?

'बेचैन देखिनुहुनछ, बिरामी हुनुहुन्छ ?' -अत्यन्त मायालाग्दो गरेर उनले सोधिन् ।

'नाइँ, त्यस्तो छैन ।' -मैले यतिसम्म जवाफ दिनु आफ्नो नैतिक कर्तव्य ठानें ।

'ल, अगाडि हिंड्नोस् ।' मैले उनलाई बाटो छोडिदिएँ ।

'अहँ, तपाईं नै लाग्नोस् ।' उनी पछि हच्किन खोजिन् ।

'नाइँ, नाइँ, तपाईं नै लाग्नुस् ।' म अरु पछि सरें र उनलाई बाटो दिएँ । उनी अघि लागिन् । मैले उनलाई सर्र पैतलादेखि शिरसम्म हेरें ।

यी नितु पनि मेरै छोरीकी उमेरकी होलिन् । सुनेको थिएँ- भखेरै पार्टीमै जनवादी विवाह गरिन् रे ।

'नितु, बधाइ छ , बिहे गर्नुभएछ । '

नितु एकैछिन लाजले रातो भइन् ।

'तपाईंकी भदै रक्षाको पनि त बिहे हुन लाग्या'छ नि ।' नितुले सायद आफूमाथि खनिने अरु प्रश्नहरूबाट भाग्न चाहन्थिन् ।

'रक्षाको बिहे रे ? कोसंग ? कहिले हुँदैछ ? ' एकैचोटी यी प्रश्नहरू ओइराएँ ।

अँ, हाम्रै संगठनको यशवन्तसंग । रक्षाले यशवन्तको प्रस्ताव स्वीकारिसकेकी छिन् । '

नितुको जवाफले म छाँगाबाट खसेजस्तो भएँ । मेरी छोरीभन्दा एक बर्षले कम उमेरकी रक्षा भर्खर सोह्रौं बसन्तको संघारमा पाइला टेकेकी छिन् । अहिल्यै उनको बिहे ? अनि प्रस्ताव पास ?

यी हाम्रा कार्यकर्ता पनि के हुन लागेका ? पूर्णकालीन कार्यकर्ता भएर काम गर्नथालेको छ महिना भा'छैन बिहेको लागि चटारो पार्छन् अनि पार्टीले स्वीकृति नदिए घुर्की लगाउँछन् र पलायन हुन्छन् ।

एकैछिन अघिको छोरीको मृत्युले दिएको पीडाबाट मेरो ध्यानभंग हुन्छ । अर्को जब्बर समस्याको भारी मेरो शिरमाथि थपक्क बस्न आइपुग्छ ।

धेरै कमरेडहरूको तस्वीर मेरो अगाडि उपस्थित हुन्छ । कतिपय अनुहारहरू अझैं युद्धभूमिमा भेटिन्छन्, कोही हराइसकेका छन् । मैले धेरै कमरेडहरूको विवाहमा शुभकामना मन्तव्य दिएको छु । अबीरमाला पहिराइदिएको छु र उनीहरूबाट प्रतिबद्धता सुनेको छु । तर आजसम्मको यात्रामा ती सबै जोडीले मसंगको सहयात्रालाई निरन्तरता दिनसकेका छैनन् । कोही कोही त घुम्ती, मोड र खोल्साबाट लुसुक्क ओरालो झरेर बेपत्ता भएका पनि छन् । कोही कोही अमर जोडी बनेर मेरो आस्थाबाट कहिल्यै नहट्ने गरी धर्तीलाई आफ्नो अमूल्य रगतले सिंचेर धर्तीमै विलय भइसकेका छन् । बाँकी जेजति बँचेका छन् ती एउटा नमूनाजोडी बनेर आदर्शका पात्र बनेका छन् र मसंगसंगैको सहयात्रालाई आजसम्म निरन्तरता दिइरहेका छन् ।

रक्षा अर्थात् सबिता । सबिता उनको पारिवारिक नाम हो । पार्टीमा लागेपछि उनले आफ्नो नाम बदलिन् याने कि यो हाम्रो पार्टीभित्र परम्परा जस्तो बनिसकेको छ । पार्टीमा काम गर्न थालेपछि आफूलाई भिन्दै नामले परिचय गराउने । तर म भने उनलाई पारिवारिक नामबाटै सम्बोधन गर्ने गरेको छु । यतिखेर मलाई ती मेरी भदै सबिता अर्थात् जसलाई मैले बच्चैदेखि प्यारो गरेर 'सबु' भनेर सम्बोधन गर्ने गरेको छु - को तस्वीर झल्झली सम्झना भइरहेछ । मेरो बिहा भएको झण्डै तीन बर्षपछि जन्मेकी यी बालिका अहिले तरुणी भइसकेकी छिन् ।

मान्छे रूपको दास हुन्छ । त्यसमा पनि पुरुषहरू अलि बढी नै हुन्छन् । मैले यस्ता थुप्रै रूपका दासहरूलाई इतिहासममा पढेको छु । पुराणमा सुनेको छु र वर्तमानमा भेटेको छु । नारी रूपप्रति लुब्ध भएर पुरुषहरूले ठूला ठूला अपराध गरेका थुप्रै घटनाहरू पनि मैले पढ्न र सुन्न पाएको छु ।

मलाई अचेल मेरी भदै सबुको रूप र यौवनदेखि डर लाग्न थालेको छ । सोह्र बर्ष पुग्दा नपुग्दै बिहेको प्रस्ताव ? म चिन्तामग्न बन्दछु ।

'राहुल दाइ !' नितुको सम्बोधनले म झस्किएँ ।

हामीले चुपचाप धेरै बाटोको दूरी नापिसकेका रहेछौं । हामी छुट्टिने बाटो आइसकेछ । हामीले पुनः हात मिलायौं र छुट्टियौं ।

'कैल्हे फर्किनुहुन्छ कार्यक्षेत्रमा ?' नितुले जाँदाजाँदै सोधिन् ।

'सायद एकदुई दिन पछि । '

मैले यति भन्दा उनी पुलमा झरिसकेकी थिइन् र मैले त्यहीं उभिएर उनी पुलको पल्लो छेउ पुग्दासम्म हेरिरहें ।

०००

करिब एक महिनापछि मैले सबुको एरिया इन्चार्जलाई फोन सम्पर्क गरें । भलाकुसारीको औपचारिक प्रक्रियापछि मैले सबुको विषयमा जिज्ञासा राखें -'के छ, सबिताले बिहे गर्दैछिन् रे हो ? '

'अँ, यार बबाल भइरा'छ । बरु एक पटक समय मिलाएर तपाई पनि आउनुस् न ।'

उहाँले यति भन्दानभन्दै सेटको लाइन कट्यो, त्यसपछि कति प्रयास गर्दा पनि उहाँसंग सम्पर्क भएन ।

'...बबाल भइरा'छ ...'

यही वाक्यांश मेरो कर्णकुहरमा प्रतिध्वनित भइरह्यो । कस्तो बबाल हो त्यो ? केही गलत आशंकाहरू मेरो मनभित्र उब्जिंदै र बिलाउँदै गए ।

म समय मिलाएर सबुको एरियातिर गएँ । तर संयोग उल्टो भयो । मैले सबुलाई भेट्न सकिनँ । उनी संगठनको कामको सिलसिलामा अन्य एरियातिर गएकी रहिछन् । मभित्रको खुल्दुली र कौतूहलताले पिङ खेल्न थाल्यो । अलि साँझ परेपछि चाहना आइपुगिन् । मैले सबुको बारेमा उनीसंगै सोधें । कुरो के रहेछ भने सबिताको प्रस्ताव बाझिएको रहेछ । अर्थात् उनले पहिलो प्रस्ताव जसबारे मैले सुनेको थिएँ, त्यसलाई लत्याइदिएकी रहिछन् र दोश्रो प्रस्तावलाई स्वीकृति दिएकी रहिछन् । दुवै प्रस्तावकहरू आ-आफ्नो दाबीमा अडिग रहेछन् । झण्डै कुरुयुद्ध होलाजस्तो ।

चाहनाले सबुको दोश्रो प्रस्तावकको बारेमा आफूले थाहा पाएजति विवरण सुनाइन् । अरु कुराले मलाई त्यति छोएन । किनकि जात-पात, धन-सम्पत्ति, यी सबै गौण कुराहरू हुन् र सच्चा प्रेमीहरू आफ्नो प्रेमको लागि यी सारा कुरालाई त्याग्न सक्छन् । तर जब मैले सबुको घरदेखि उक्त प्रस्तावकको घरसम्मको दूरी नापें, म कहालिएँ । पूरा पाँच दिनको पैदल बाटो । विकट भू-धरातल, कहीं घना जंगल, कहीं कहालीलाग्दो उकालो, कहीं जंघार । ओहो ! उनीसंग धेरै टढा भइने कल्पनालेमात्र पनि मेरो आङ सिरिङ्ग भयो । मलाई अझैं सम्झना छ -मेरी ठूली बैनीको बिहे हुँदा जब बैनीलाई डोलीमा अन्माउनेबेला भो, मेरो बुवा डाको छोडेर क्वाँ क्वाँ गरी रुनुभएको थियो । उफ् ! कस्तो हुँदोरहेछ यो आफ्नो सन्तानप्रतिको माया । हुन त सबु मेरी आफ्नी सन्तान होइनन् तर पनि उनको अनुहारमा आफ्नी छोरीको अनुहार झल्झली देख्छु । तब नै मलाई उनीप्रति माया झन् गाढा भएर आउँछ । म एक भयानक आशंकाले घेरिन पुग्छु । कथम्कदाचित उक्त प्रस्तावकले गद्दारी गऱ्यो भने मेरी सबुको के दशा होला ? उनको निम्ति मात्र दुईटा विकल्प हुनसक्छन्- कि त ऊसंगै सहमत भएर क्रान्तिप्रति गद्दारी गर्ने कि भने ऊसंग सम्बन्ध विच्छेद गर्ने । यी दुवै कुराले मेरो हृदयलाई समान रूपले आघात पुऱ्याउँछन् । त्यसमा पनि गद्दारी गर्ने कुराले म अरु सम्वेदित बन्छु ।

विगत दश बर्षदेखि जनयुद्धरूपी सवारी बाहन अन्धकार बस्तीबाट सुदूर पूर्वको उज्यालो क्षितिजको गन्तव्यतर्फ कुदिरहेछ । म लगायत थुप्रै यात्रुहरू सवार छौं यस बाहनमा । बाहन रात दिन हुँइकिरहेछ, चुँइकिरहेछ अन्धकारलाई चिर्दै गल्छी, भञ्ज्याङ र मोडहरूलाई पार गर्दै । यात्रुहरू चढ्ने र ओर्लने क्रम जारी छ । कोही झुङ्न थालेका छन्, कोही चनाखो आँखा चारैतिर कुदाइरहेछन् । म यी सारा दृश्यहरू हेरिरहेछु । जसै उकालोमा मोड आउँछ, चालक ब्रेक थिच्छ, वाहन घच्च्याक्क गरेर रुक्छ । चालक स्टेरिंग घुमाउँछ, बाहन अलि पछि सर्छ । बाहन पछिल्तिर गुड्न थालेको भ्रममा डरपोक यात्रुहरू फटाफट हाम फाल्छन्, बाहन फेरि अगाडि बढ्छ । म सन्तोषको सास फेर्छु र सबैको अनुहारतिर नजर डुलाउँछु- प्रदीप्त बनेका छन् सबैका अनुहारहरू । आँखा सबुको अनुहारमा गएर टक्क रुक्छ । उदास उदास, केही बिर्सेजस्तो, केही हराएजस्तो, आत्तिएजस्तो । उनका नेत्रवीरबाट पानीको मूल फुट्छ र गुलाबी गालालाई सिंचेर कुर्तालाई भिजाउँदै कोमल पाउलाई पखाल्न पुग्छन् । म आफ्नो सीटबाट उठ्छु र सबुको नजिक गएर सोध्छु- के भो नानु ? सबु बोल्दिनन् । बादल अरु घना भएर आयो र मुसलधारे पानी बर्षियो । मैले एकचोटी चारैतिर नजर घुमाएँ । केही समय अगाडि सबुसंगै बाहनमा छिरेको उनको प्रस्तावक प्रेमी संघर्षको उकालो मोडमै हाम फालेछ । उसले आफूलाई एक योद्धाको हैसियतबाट च्युत गराएछ । मैले बुझें । सबुलाई सान्त्वना दिने प्रयास गरें ।

मलाई यतिखेर आफ्नी छोरीको मृत्युप्रतिको पीडाले छोइरहेको थिएन । मैले उसको मृत्युलाई बिर्सिदिएको थिएँ र ऊ मृत्युशैयाबाट उठेर आई मेरो काँखमै लाडे बनेर घोप्टिरहेकी कल्पनाले म असीम आनन्दमा डुबेको थिएँ । हामी सवारबाहन यतिञ्जेलसम्म अनेक घुम्ती, द्यौराली, उकाली र ओरालीहरूलाई पार गर्दै उज्यालो गन्तव्यतर्फको अविराम यात्रामा निरन्तर हुँइकिइरहेको थियो, कुदिरहेको थियो ।

## कविता

### मेरो देश

● *इन्दिरा अधिकारी*

जतातत‍ै
शासकीय खडेरी परेर
माटो, माटो माथिको जुरे आँखा
बेस्सरी रोइरहेको छ ।

हरेक दलाली दण्डले
अझ ऊ भोको तुवाचुङ ढाड
थङ्थिलो भई कक्रिएको छ ।
तिम्रो असैह्य लेफ्ट राइटको परेडले
तलको गर्बिलो समथर छाती
धुजा-धुजामा खण्डित छ ।
कैयौं पटक यसरी नै
लुटिंदै
चोइटिंदै
चिथोरिंदै
मेरो देश
प्रसव पीडामा मुटु पगालेर चिच्याइरहेको छ ।
ए !
माटोको प्राचीन भ्रुणहरू हो
आऊ
सबैसबै दासता भत्काउन
बेथितिहरू जलाउन
अनि पो त मेरो देश नेपाल
गर्वले मुस्कुराउने छ ।

# डाक्टरको लापरबाहीका कारण बालकको मृत्यु भएको भन्दै देजमो चितवनले गऱ्यो दोषीमाथि कारबाहीको माग

चितवन । सर्पले डसेर विरामी भएका भरतपुर-१५, मंगलपुरका तीन वर्षीय बालक सलिन विकको चारवटा अस्पतालमा चाहार्दा पनि उपचार नपाएर मृत्यु भएको घटनाप्रति देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले चासो व्यक्त गरेको छ ।

यसै विषयलाई लिएर आइतबार पीडित परिवारसहित देजमोका नेता कार्यकर्ताहरूले भरतपुर अस्पतालको मेसु डाक्टर रबिन खड्का र प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतसँग भेटेर घटनाको सत्यतथ्य सार्वजनिक गरी दोषीलाई कारवाहीको माग गरेको छन् । अस्पतालका मेसु डा खडका र मेडिकल विभाग प्रमुख डा विजय पौडेलले ड्युटीमा रहेका डाक्टरबाट लापरबाही भएको स्वीकार्दै आगामी दिनमा यस्तो सम्वेदनशील विषयमा सचेत रहने बताए । पीडित परिवारका तर्फबाट मृतक सलिन बिकका हजुर बुबा बलराम बिक र देजमोका अध्यक्ष अशोक शर्माले क्षतिपूर्तिका कुरा होइन गल्ती गर्ने कर्मचारीलाई बिभागीय कार्वाही र त्यसको सार्वजनिकीकरण गर्नु पर्ने माग राखेका छन् ।

त्यसैगरी प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतलाई भेटी सम्बन्धित अस्पतालहरू भरतपुर अस्पताल , निको बाल अस्पताल, नारायणी सामुदायिक अस्पताल, पुरानो मेडिकल कलेज र चितवन मेडिकल कलेजलाई लापरबाही गरी बालकको ज्यान लिएकोमा कार्वाहीको माग गरेको छ । प्रजिअ बस्नेतले सबै सम्बन्धित अस्पतालहरूलाई २४ घण्टाभित्र लिखित रिपोर्ट पेश गर्न भनिएको बताएका छन् ।

## सीमा...

कार्यालयहरूमा नक्कली नक्साहरू झुण्ड्याउन लगाएको सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी) ले यस्तो अपिल गरेको हो ।

क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण' द्वारा हस्ताक्षरित र पार्टी कार्यालय वुद्धनगरबाट प्रेषित एक विज्ञप्तिमा जनाइएअनुसार जनताका जनजीविकाका समस्याहरूका साथै राष्ट्रियताका समस्याहरू पनि संघर्षकै उठान गरेर मात्र हल गर्न सकिने अवस्थामा पुगिसकेका छन् । यसबारेमा विज्ञप्तिको सुरुमा भनिएको छ- 'दार्चुला जिल्लामा अवस्थित कालापानी नेपालको अभिन्न भूभाग हो । यस भूभागमा एकातिर भारत सरकारले हस्तक्षेप गर्दै आएको छ भने अर्कोतिर हामीले त्यस प्रकारका हस्तक्षेपका विरुद्ध निरन्तर संघर्ष गर्दै आएका छौं ।'

पछिल्लो चरणमा आएर प्रबुद्ध व्यक्ति तथा समुहहरूको वैठकको निहुँ पारेर गुपचूपमा ओली सरकारको निर्देशन र मिलेमतोमा नेपाली तथा भारतीय समुहले नेपालको सीमा नक्साबाट सार्वभौम नेपालको भूभागहरू हटाई भारतीय सीमाभित्र देखाएर तयार पारिएको र नेपालका प्रशासन कार्यालयहरूमा झुण्ड्याइएका नक्कली नक्साहरू तुरन्त हटाएर सीमा भूभागको रक्षा गरिनु पर्ने कुराहरू उठाउँदै विज्ञप्तिमा भनिएको छ- 'सरकारले तयार गरेको नक्सामा कालापानीलाई नेपालबाट कटाएर भारतमा पारिएको र त्यही नक्सा नेपाल सरकारका कार्यालयहरूमा समेत टाँग्ने गरिएको कुरा प्रकाशमा आएको छ । यो विषय अत्यन्तै विडम्बनापूर्ण तथा आपत्तिजनक रहेको छ । यसबारे सरकारको नापी विभागका महानिर्देशक र विभागीय मन्त्रीले समेत गल्ती भएको स्वीकार गरिएको पाइएको छ ।'

वर्तमान ओली सरकारले भारतीय शासकप्रति देखाएको चरम दलाली र चाकरीको धज्जी उडाउँदै नेपालको सार्वैमसत्ता, माटो र स्वाभिमान बन्धक राख्न गरिएका हरेक कर्तुत र हथ्कण्डाहरूको पोल खोल्दै विज्ञप्तिमा थप भनिएको छ- 'यसरी भारतद्वारा नियोजित रूपमा यथार्थको निर्लज्ज रूपमा तोडमोड तथा विद्रुपीकरण गरी प्रस्तुत गरिएको नक्सालाई प्रतिबन्ध लगाउन र सरकारी कार्यालयमा त्यस प्रकारका नक्सा राख्नेलाई कारवाही समेत गर्न सरकारद्वारा अविलम्ब कदम चालियोस् भनी हामी जोडदार माग गर्दछौं ।'

प्रधानमन्त्री बन्ने बित्तिकै ओलीले भारत भ्रमण गरिने र कुनै पनि नयाँ सम्झौता नगरिने भन्दै भारत भ्रमणपछि १८१६ देखिका सुगौली सन्धि लगायतका सबै असमान सन्धिहरू कार्यान्वयनमा लैजाने भनी ओलीले गरेका सबै सन्धिहरूको अनुमोदन र कार्यान्यनको परिणामस्वरूप नेपालका सीमाक्षेत्रका रणनीतिक महत्वका भूभागहरू गुम्न थालेको प्रति संवेदनशील हुँदै विज्ञप्तिमा भनिएको छ- 'ठीक यहींनेर अर्को महत्वपूर्ण विषय के छ भने सन् १८१६ को सुगौली सन्धिद्वारा निर्धारित गरिएको हाम्रो सीमा कालीनदी (अर्थात् महाकाली) को उद्गम स्थल लिम्पियाधुरा हो । यस्तो महत्वपूर्ण विषयमा नेपाल सरकारद्वारा तयार पारिएको नक्सामा पनि उल्लेख नगरिएको कुरा बुझिन आएको छ । अतः लिम्पियाधुरासम्मको अखण्ड नेपाली भूभागलाई दर्शाउने गरी अविलम्ब नयाँ नक्सा तयार पार्न र लागू गराउन समेत हाम्रो पार्टी सरकारसित जोडदार माग गर्दछ ।'

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू अब संघर्षविना हल हुन नसक्ने अवस्थामा घचेटिंदै लगिएका हुनाले विशेष संघर्षको लागि उठी बस्न पार्टी पंक्ति र आम जनसमुदायलाई आह्वान गर्दै विज्ञप्तिको अन्त्यमा भनिएको छ- 'देशको राष्ट्रिय स्वाधीनता तथा अखण्डताका निम्ति कालापानीका साथै सुस्ता, महेशपुर लगायतका देशका विभिन्न भागमा हुँदै आएको भारतीय विस्तारवादी हस्तक्षेप तथा अतिक्रमणका विरुद्ध संघर्ष गर्नु बाहेक हाम्रा सामु अर्को विकल्प छैन । तसर्थ, हाम्रो पार्टी सम्पूर्ण देशभक्त शक्ति तथा जनसमुदायसित विषयको गम्भीरतालाई राम्रोसित आत्मसात् गरी संघर्षको तयारी गर्न विशेष अनुरोध समेत गर्दछ ।'

## देशको...

समयदेखि जनस्तरबाटै खबरदारी गर्दै फिर्ता गर्न नेपालमा कैयौं संघर्षहरू चलेको स्मरण गर्दै विज्ञप्तिमा भनिएको छ- 'सन् १९६२ को चीन-भारत युद्धका दौरान र त्यस पश्चात् नेपाल र भारतका बीचको उत्तर पश्चिम सिमानाको कालापानीमा अड्डा जमाएर बसेको भारतीय सेना तुरुन्त हटाउनु पर्छ भन्ने माग राखेर चार दशक भन्दा अघि देखि संघर्ष चल्दै आएको छ । भारतले तयार पारेको कालापानी नेपालबाट हटाएर भारतमा पारेको नक्शा नेपाल सरकारका कार्यालयहरूमा समेत टाँगने गरिएको र नेपाल सरकारको निशाना छापमा समेत कालापानी गायब गरिएको तथ्य सार्वजनिक भएपछि यसले नेपाली राजनीतिमा नयाँ तरङ्ग ल्याएको छ । भारतीय नक्शामा कालापानी लगायत ६२ वर्ग कि.मि भूभाग भारतमा गाभिएको छ र यही नक्सा नेपालका सरकारी कार्यालयमा झुड्याइएका छन् ।'

नेपालमा चलिरहेको कथित वामपन्थीको बहुमतको सरकार र यसको भारतीय शासकप्रतिको दलाली, चाकरी र लाचारीलाई इंगित गरी विज्ञप्तिमा भनिएको छ- 'कालापानी गायब गरिएको निशान छाप प्रयोगमा आइरहेको छ । नापी विभागका उपमहानिर्देशकले यस्तो भएको स्वीकार गरेका छन् र सरकारको आलोचना गरेका छन् कि यसबारे पटक पटक भन्दा पनि सुनुवाइ भएन । उनको भनाइअनुसार नेपाली नक्शामा कालिपानी नेपालभित्रै पर्दछ, तर भारतले छापेको नक्शा नै प्रयोगमा आइरहेको छ । यो कुरा विभागीय मन्त्रीले समेत स्वीकार गरेका छन् ।'

अरुको देशमा जागीर खान गएका नेपालीहरू अर्काको स्वार्थ र भूमिका लागि जति बहादुरीका साथ लडेका छन् त्यो भन्दा हजारौं गुणा साहस र आँटका साथ नेपालीले आफ्नो भूमि रक्षाका लागि लड्न तयार छन् भन्दै विज्ञप्तिमा भनिएको छ- 'मुख्य कुरा के हो भने तत्कालीन भारतको बृटिश सरकार र नेपाल सरकारका बीच सन् १८१६ मा भएको सुगौली सन्धिमा नेपाल र भारतको सीमाना काली नदीको मुहान लिम्पियाधुरालाई मानिएको छ । तर त्यसपछिको नेपालले तयार पारेको नक्सामा पनि सो भूभाग समेटिएको छैन । त्यसकारण, लिम्पियाधुरासम्मको जम्मा ३७२ वर्ग किलोमिटरको अतिक्रमित नेपाली भूभाग नेपालकै कायम रहने गरी नक्शा निर्माण गरी त्यसलाई कायम गराउन सरकारसँग हामी जोडदार माग गर्दछौं । यो माग पूरा नगरिएमा यसको निमित्त यो सरकार जिम्मेवार ठहरिने छ । यसका विरुद्ध संघर्ष बाहेक हाम्रा अगाडि अर्को विकल्प बाँकी रहने छैन ।'

## देजमो...

माओवादी)का केस तथा गोरखा इन्चार्ज निश्चल, क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकार डा. भवानी पाण्डे, बरिष्ठ मानवअधिकारवादी नेता टेकनाथ बराल, नेकपा (माले)का कास्की सचिव टेकनाथ भण्डारी, नेकपा (कट्टेलसमूह) का प्रतिनिधि मनिस भट्टराई, क्रान्तिकारी माओवादी कास्की सचिव कर्ण पुन, क्रान्तिकारी युवा लिगका जिल्ला अध्यक्ष राजकुमार सुनार, अखिल नेपाल महिला संघ(क्रान्तिकारी)की जिल्ला अध्यक्ष उर्मिला श्रीसलगायतका वक्ताहरूले सम्मेलन सफलताको शुभकामना मन्तव्य प्रस्तुत गरेका थिए ।

संगम साँस्कृतिक मञ्चका कलाकारहरूले क्रान्तिकारी गीत संगीत प्रस्तुत गरेर सम्मेलनलाई अझ उर्जाशील बनाएको सम्मेलनमा क्रान्तिकारी माओवादीका पिविएम तथा ४ नं. प्रदेश सचिव श्याम,, पार्टी केस तथा कास्की इन्चार्ज अरुण, पार्टी केस तथा नवलपुर-तनहुँ इन्चार्ज अनुकूल, देजमो केन्द्रीय सचिवालय सदस्य हरिकृष्ण गजुरेल, पार्टी केस हिरा, देजमो केसहरू सुशिला थापा र भीमबहादुर श्रीस, नेपाल राष्ट्रिय प्राध्यापक संगठनका केन्द्रीय समितिका उपाध्यक्ष परशुराम कोइराला, अनेमसंघ (क्रान्तिकारी) केस कल्पना थापा, अखिल नेपाल जनसाँस्कृतिक महासंघका केस काजीबाबु श्रेष्ठ, छन्त्याल मुक्ति मोर्चाका केन्द्रीय संयोजक बमबहादुर छन्त्याल, तमु मुक्ति मोर्चा नेपालका केन्द्रीय सचिवालय सदस्य टेक बहादुर गुरुङ, दलित मुक्ति मोर्चाका केस सीतादेवी परियार, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ कास्की अध्यक्ष प्रेम विक, अनेरास्वयू (क्रान्तिकारी) की संयोजक सम्झना परियार, अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका संयोजक बाबुराम मिजार, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य राजेन्द्र सुवेदीलगायतका नेताहरू अतिथिको रूपमा उपस्थित रहेका थिए ।

## क्रान्तिकारी...

गरी तीन तहमा रहेका तीन थरीका सरकारहरुले गरेका कर वृद्धि, महंगी, डोजर आतङ्क र विभिन्न विद्युत परियोजनामा भएको राष्ट्रघात लगायतका थुप्रै विषयहरुमा आफ्नो भनाइ राख्दै अब आन्दोलनको विकल्प नभएको कुरामाथि जोड दिएका थिए ।

उद्घाटन समारोहको शुभकामना मन्तव्यको कार्यक्रममा बोल्दै कर्णाली प्रदेशका कार्यबाहक सेक्रेटरी तथा कार्यक्रमका विशेष अतिथि चक्रपाणी शर्माले अहिलेको दुईतिहाई सरकारले जनतालाई राहत महसुस गराउनु भन्दा उल्टै आहात दिएको भन्दै कर वृद्धिलगायतका जनजीविकाका समस्याहरुसँगै राष्ट्रियता र जनघातका कामहरु पनि गरिरहेको कुरा खुलासा गरेका थिए । उनले यो सरकार कम्युनिष्ट सरकार नभई दलालहरुको सरकार भएको बताएका थिए ।

कार्यक्रम जिल्ला इन्चार्ज दीपकबहादुर शाहीको अध्यक्षतामा भएको थियो भने कार्यक्रम सञ्चालन भरत रेग्मीबाट भएको थियो ।

## मार्चपाससहित...

चित्रण गर्दै वर्तमान सरकारले शान्ति र समृद्धिको नारा दिइरहँदा लाखौं नेपाली युवाहरू खाडी मुलुकमा आफ्नो श्रम पसिना बगाउन बाध्य भएको कुरालाई अग्रपृष्ठमा राखिएको छ ।

विज्ञप्तिमा भनिएको छ- 'समकालिन देशहरूले दक्ष, अदक्ष श्रम शक्ति अन्य देशहरूबाट खरिद गरी थप समृद्धितिर लम्किरहँदा हाम्रो देश भने रेमिटान्सरूपी करको लोभमा वैदेशिक रोजगार बढाउने र युवाहरूलाई विदेशिन उत्प्रेरित गर्ने ध्याउन्नमा रहेको कुरा सजिलै बुझ्न सकिन्छ । युवाहरू भविष्यको चिन्ताले मानसिक, मनोवैज्ञानिक र भौतिक पीडाहरू बेहोर्दै छटपटिइरहेको अवस्थामा, ती युवाहरूलाई देश निर्माण र समृद्धितिर लगाउने कुरा नसोच्नु विडम्वना नै मान्नुपर्छ ।'

## मार्क्सवाद...

प्राविधिक क्रान्तिले मानव समाजको अगाडि प्रकृतिको कायाकल्पको लागि, विपुल भौतिक सम्पदाको सृष्टि र मानिसको योग्यता बृद्धिका लागि अपूर्व सम्भावनाहरू खुल्ला (Discharged) गरेकोछ। यो क्रान्ति जटिल र बहुपक्षीय परिघटना हो। विकासमा यस्का नयाँ नयाँ रूप र सार प्रकट हुने गर्दछ। मानिस दिमाग चलाउने (सोच्न सक्ने) तर कम्जोर तन भएको सामाजिक प्राणी हो। खाना,बस्न र सुरक्षाको लागि मानिसले प्रथम हातको प्रयोग गऱ्यो तर हातहरू पर्याप्त नभएपछि ढुंगा, घुँयात्रो, भाला, बर्छी, धनुकाँड, भरुवा बन्दुक हुँदै आज बालिष्टिक मिसाइल समेतको प्रयोग गर्ने भएकोछ। दोस्रो खुट्टाले मात्र हिडेर पर्याप्त नभए पछि घोडा, राँगो, हातीको प्रयोग गर्दै आज मोटर, ट्रेन, हवाई जहाज, पानी जहाजको प्रयोग गर्ने ठाउँमा आईपुगेकोछ। तेस्रो पशु चराउने मानिसले आगोको खोज गरेपछि गुफाबाट कृषिमा आइपुगे। अनि हलो, कोदाले, कूटो हुँदै आज ट्रेक्टर, पानी पठाउने पम्प-मेसिन, कुलो-नहर प्रयोग गर्ने अबस्थामा आईपुगेकाछन्। र चौथो औद्योगिक क्रान्तिले ठूला ठूला उद्योग धन्दाहरू खुले र त्यहाँ पुँजी र मजदुरहरूको संकेन्द्रण भयो। अहिले हामीले भनेको वैज्ञानिक-प्राविधिक क्रान्तिको प्रारम्भ पहिलो स्वचालित लेथलाईन, परमाणु र नाभकीय उपकरणहरू तथा कम्पुटरको निर्माण, प्रथम कृतिम भू-उपग्रहको प्रक्षेपण, रसायनिक संश्लेषण, सुक्ष्म इलेक्ट्रोनिक-खोज, आदि जस्ता अपूर्व उपलब्धिहरूबाट भयो। विगतकालभन्दा अहिले के फरक छ भने आज वैज्ञानिक उपलब्धिहरूलाई उत्पादनमा लगाइन्छ। तसर्थ यो क्रान्ति विज्ञान र प्रविधिमा एकसाथ ब्याप्त भयो। यसैलाई वैज्ञानिक-प्राविधिक क्रान्ति भनिन्छ। २१ औं शताब्दीसँग आएका आधुनिक कम्प्युटर, आधुनिक रोबट, परमाणु उर्जा-उद्योग, सूचना क्रान्ति, जैविक-प्रविधिको विकास, आदिले मानव जातिको भविष्यलाई सुखी-सम्पन्न हुनसक्ने परिस्थिति निर्माण गर्ने क्षमता राख्दछ तर साम्राज्यवादीहरूले, (क) यी प्रगतिलाई शस्त्रास्त होडमा लगाएकाले त्यसबाट मानव जातिका लागि घातक विभिषिका उत्पन्न नहोला भन्न सकिन्न। (ख) पुँजीवाद अन्तर्गत वैज्ञानिक-प्राविधिक क्रान्तिबाट हुने उपलब्धि सम्पूर्ण समाजको नभएर पुँजीवादी एकाधिकारीहरूले नै फाइदा उठाउँदछन्। उनीहरूले यसको उपयोग पुँजीको स्थितिलाई मजवुद बनाउन, श्रमिक जनतालाई शोषण गर्न र अधिकतम नाफा कमाउनका लागि गर्दछन्। यसबाट बेरोजगारी, मुद्रास्फिति र महंगी बढ्न जान्छ। पुँजीवादी समाजमा पुँजीवादीहरूको वर्गीय स्वार्थका कारणले गर्दा विज्ञान-प्रविधिको उपलब्धिलाई मानवजातिकै हित विरुद्ध लगाईन्छ।

३) **वैज्ञानिक-प्राविधिक क्रान्तिले औद्योगिक पुँजीवादलाई विस्थापन गऱ्यो ?**

पुँजीवादअन्तर्गत, जहाँ उत्पादन विस्तारको उद्देश्य धेरैभन्दा धेरै नाफा बटुल्नु हुन्छ, वैज्ञानिक-प्राविधिक क्रान्तिको उपलब्धिहरूलाई उत्पादनमा गरिने प्रयोगले श्रमको उत्पादनशीलतालाई वृहत मात्रामा बृद्धि गर्दछ र साथसाथै बेरोजगारी जन्माउँदछ। त्यही अध्ययनबाट कार्ल मार्क्सले के प्रमाणित गरेका थिए भने पुँजीवादले जीवन-साधनहरूबाट वञ्चीत अपेक्षाकृत अतिरिक्त श्रमिक जनतालाई निरन्तर जन्म दिँदैरहेको हुन्छ। एंगेल्सले 'समाजवादः काल्पनिक तथा वैज्ञानिक'मा भनेकाछन् : 'एकातिर मेसिनहरूको निरन्तर प्रगति, जो प्रतिस्पर्धाको कारण प्रत्यक कारखाना मालिकको लागि अनिवार्य हुन्छ र जसको कारण मजदुर निरन्तर बढ्दो सँख्यामा विस्थापित हुन्छन्। औद्योगिक रिजर्भ सेना। अर्कोतिर, उत्पादनको सीमाहीन विस्तार। प्रतिस्पर्धा अन्तर्गत यो पनि हरेक कारखाना मालिकको लागि अनिवार्य बन्दछ। दुबैतर्फ उत्पादक शक्तिहरूको अपूर्व विकास; माग भन्दा बढी आपूर्ति; अति उत्पादन, मालहरूले भरिभराउ बजार, प्रत्यक दशौं बर्षमा संकट, दुस्चक्र-एकातिर, उत्पादनका साधनहरू र उपजको अधिकता; अनि अर्कोतर्फ, जीविकाको साधनहरूद्धारा वञ्चित बेरोजगार मजदुरहरूको अधिकता' (मार्क्स-एंगेल्स सं.र.खण्ड- २४; १९८९ : ३५५; प्रगति प्रकाशन (अंग्रेजी)। तर उत्पादन र सामाजिक समृद्धिका यी दुबै भारबाहकले (levers) एकसाथ काम गर्न पाउँदैनन् किनभने पुँजीवादी उत्पादन-प्रणाली अन्तर्गत उत्पादक शक्तिहरूले तवसम्म काम गर्न सक्दैनन्, जवसम्म तिनीहरूलाई पहिले पुँजीको रूप दिन सकिंदैन। तर यो तिनीहरूको अधिकताकै कारण सम्भव हुन सक्दैन। यसबाट यो प्रमाणित हुन्छ कि पुँजीपतिवर्ग स्वयम् आफ्ना सामाजिक उत्पादक शक्तिहरूको ब्यवस्थापन गर्न अयोग्य ठहरिएकोछ। एंगेल्सले भनेकाछन् 'उत्पादनका र सञ्चारका ठूला-ठूला संस्थानहरू पहिले ज्वाइन्ट स्टक कम्पनिहरू, त्यसपछि ट्रष्टहरू र अन्त्यमा राज्यको अधिकारमा हुनुले यो प्रमाणित हुन्छ कि पुँजीपतिवर्ग एउटा फाल्तु वर्ग बन्न गएकोछ। त्यसका सबै सामाजिक संस्थाहरू अव वेतनभोगी कर्मचारीहरूद्धारा सम्पादित हुन्छन्' (उही)। एंगेल्सको भनाई पुष्टि भएकोछ कि, वैज्ञानिक-प्राविधिक क्रान्तिले, ठूला पुँजीपतिहरूलाई परजीवी बनाईदिएकोछ। उनीहरूको उद्यम ब्यवसायहरूको संचालन वेतनभोगी कर्मचारीहरूद्धारा गरिने हुँदा उनीहरू उत्पादन-प्रकृयामा पूर्णतः अनावश्यक बन्दछन्। दक्ष वेतनभोगी कर्मचारीहरू (आज team of Supermanagers भनिन्छ) परिश्रम गरिखाने जनताको प्रत्यक्ष शोषणका लागि जिम्मेवार हुन्छन्। प्रतियोगिता उग्रतर हुने र वैज्ञानिक-प्राविधिक क्रान्तिका कारणले पुँजी अधिक संकेन्द्रित हुन्छ। एकाधिकारी पुँजीपतिहरूले अहिले बहुराष्ट्रिय कम्पनिहरूमा एकाबद्ध भई पुँजीलाई थोरै मानिसको हातमा संकेन्द्रित गर्दैछन्। यसबाट विश्वका उत्पीडित राष्ट्र र श्रम गरिखाने जनतालाई बढीभन्दा बढी लुट्ने काम भएकोछ। पछिल्लो कालमा वैज्ञानिक-प्राविधिक क्रान्तिले सूक्ष्म इलेक्ट्रोनिसको विकास गरेबाट पुँजीको पक्षधर नवमार्क्सवादीहरू 'मजदुरको श्रम अनावश्यक हुँदैछ, मजदुर वर्ग विघटित हुँदैछ र पुँजीवादको चिहान खन्नेहरूको विश्व ऐतिहासिक भूमिका गुम्दैछ' भनेर खुसी भएका छन्। तर एउटा अध्ययनले के देखाएको छ भने पुँजीवादी विकासले कृषिक्षेत्रलाई औद्योगिकीकरण गर्ने भएकाले संख्या कटौती हुन्छ र ठूला उद्योगहरूमा पनि आधुनिक प्रविधिको विकासले रोजगारीमा केही कटौंति हुने गर्दछ। तिनका तुलनामा सेवा क्षेत्रमा रोजगारी वृद्धि भएको देखिन्छ। तर पनि सत्य के हो भने कृषिश्रममा आधारित मुलुकको विकास सम्भव छैन। तसर्थ अमेरिका र युरोपको अनुभवले के देखाउछ भने ति मुलुकहरूले उहिले औद्योगिक क्रान्ति सम्पन्न गरेपछि सेवा क्षेत्रमा प्रवेश गरेका हुन्। ता पनि आज सम्मको तथ्याङ्कले के प्रमाणित गरेको छ भने कृषि, उद्योग र व्यापार क्षेत्रले नै ति देशहरूको गार्हस्थ उत्पादनमा मूख्य योग्दान पुऱ्याएको छ।

**तालिका नं.** -१

| फ्रान्स र यु.एस.ए. मा क्षेत्रगत रोजगारी (१८०० २०१२)(कुल रोजगारीको प्रतिशत) | | | | | | |
|---|---|---|---|---|---|---|
| | फ्रन्स | | | अमेरिका | | |
| वर्ष (सन्) | कृषि | उद्योग | सेवा | कृषि | उद्योग | सेवा |
| १८०० | ६४ | २२ | १४ | ६८ | १८ | १३ |
| १९०० | ४३ | २९ | २८ | ४१ | २८ | ३१ |
| १९५० | ३२ | ३३ | ३५ | १५ | ३४ | ५० |
| २०१२ | ३ | २१ | ७६ | २ | १८ | ८० |

स्रोत : Piketty (2014 : 91), Capital in 21 st Centenary

**तालिका नं.** २

| फ्रान्स, जर्मनी, बेलायत र अमेरिका (सन् १८००-२०१२) सेवा क्षेत्रमा रोजगारी (प्रतिशतमा) | | |
|---|---|---|
| १) | स्वास्थ्य र शिक्षामा | २० प्रतिशत भन्दा माथि (जनताको करबाट सञ्चालित) |
| २) | होटल र टुरिज्ममा | २० प्रतिशत |
| ३) | अन्य फर्म क्षेत्र (कन्सल्टीङ, डिजाइन, लेखा, डाटा प्रोसेसीङ आदि) रियल स्टेट र वित्तीय क्षेत्र (बैंक, इन्सुरेन्स, आदि) ट्रान्स्पोरेशन क्षेत्र | २० प्रतिशत |
| ४) | सरकारी प्रशासन र सुरक्षा क्षेत्र (सामान्य प्रशासन, अदालत, सेना प्रहरी, आदि) | १० प्रतिशत (जनताको करबाट सञ्चालित)। |

*पुँजीको २०० वर्षको इतिहासको अध्ययन गरेका प्रसिद्ध अर्थशास्त्री प्रा. पिकेटीको निष्कर्ष के छ भने अहिले पनि औद्योगिक क्षेत्र नै विकसित पुँजीवादी मुलुकहरूको आर्थिक मेरुदण्ड हो, राष्ट्रिय आयको मुख्य श्रोत हो। प्रो. पिकेटीको अनुसार निजले गरेको अध्ययन* अवधिमा विकसित पुँजीवादी देशहरूको सेवा क्षेत्रमा ७०-८० प्रतिशत रोजगारी रहेको देखिन्छ। तर सेवाभित्र सरकारी प्रशासन, सुरक्षा तथा शिक्षा र स्वास्थ्य पूर्णतः जनताको करबाट चलेको देखिन्छ। अर्को तालिकामा (ता.नं.२) प्रो पिकेटीले फ्रान्स र बेलाइतको सन् १७७०-२०१०को राष्ट्रिय आयको पुँजीगत आय (लगान, नाफा, लाभाम्स, व्याज ...) ३०-४० प्रतिशत र श्रम आय (ज्याला र गैर-ज्याला) ६०-७० प्रतिशत रहेको थियो (पिकेटी, पे. २००-२०१)। यसबाट के पुष्टि हुन्छ भने आजको साम्राज्यवाद भनेको पनि कर्पोरेट औद्योगिक पुँजीवाद नै हो र मजदुर वर्ग अझै पनि पुँजीवादको चिहान खन्ने ऐतिहासिक भूमिकाबाट पछि हटेको छैन।

४) **अवको साम्राज्यवाद युद्ध चाहँदैन** !

मार्क्स-एङ्गेल्सको समयमा निरन्तर दोहोरिने औद्योगिक महामन्दीले ठूला-ठूला पुँजीवादी कारोवारहरू चौपट हुन जाँदा उत्पादनका साधनहरूको वृहत राशीहरूको सामाजीकरणको रूपमा विभिन्न प्रकारका ठूला-ठूला ज्वाइन्ट स्टक कम्पनिहरूको उदय भएको थियो र तिनीहरू नै पछि एकाधिकारमा वदलिएका थिए। तिनै एकाधिकारी पुँजीवादी विश्वका ठूला ठूला समुहको नेतृत्व गरेर साम्राज्यवादी मुलुकहरूले प्रथम र दोश्रो विश्वयुद्ध रचेका थिए। त्यसप्रकारको एकाधिकार पुँजीवादलाई नै लेनिले साम्राज्यवाद भनेका हुन्। आजको साम्राज्यवाद पनि एकाधिकार पुँजीवाद नै हो तर त्यसको संरचना र चरित्रमा समयानुकूल परिवर्तन जरुर भएको छ। अहिले विश्व अर्थतन्त्रलाई कन्ट्रोल गर्ने ५०० वटा बहुराष्ट्रिय तथा परराष्ट्रिय कम्पनीहरू छन् जसको आधाजतिको नेतृत्व अमेरिका स्वयम्को हातमा रहेको छ। साम्राज्यवादी शक्तिहरूले पूर्व-उपनिवश तथा पूर्व-अर्ध-उपनिवेशी मुलुकहरूको सिमानाभित्र आफ्नो उत्पादन, वित्त र प्रविधिको विनारोकटोक गरिने कर्पोरेट पुँजीवादी प्रवाहलाई 'नवउदारीकरण' को नाम दिएका थिए। तर सन् १९८० देखि आएको कर्जा शंकटलाई 'थ्याचर रेगन थोरापी'मार्फत हल गर्न विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको वित्तीय लगानीमा अल्प- विकसित देशहरूमा 'संरचनागत समायोजन' लागु गरियो। सन १९९० मा सोवियत संघ विघटन भएपछि त्यसलाई विश्व व्यापार संगठन (१९९५) मार्फत अघि बढाइयो र सन २००० सम्ममा यसले विश्वमै संस्थागत प्रभुत्व कायम गर्न सक्यो। साम्राज्यवादीहरूले नवऔपनिवेशिक नीतिलाई भुमण्डलीकरण नामाकरण गरे। तर पश्चिमा शक्तिहरूको यो नीति धेरै दिन चल्न सकेन। विश्व वहुध्रुबमा बाडिन पुग्यो। रुसको नेतृत्वमा चीन, भारत, ब्राजिल, दक्षिण अफ्रिका मिलेर 'ब्रिक्स' को कार्यक्रम संचालन गरेको छ। यो कार्यक्रमले अमेरिकी साम्राज्यवादको सामु गम्भीर चुनौति खडा गरेको छ। चीनले छुट्टै 'एक पेटी एक मार्ग' को कार्यक्रम मार्फत आफु केन्द्र र त्यो कार्यक्रमसँग जोडिने मुलुकहरूलाई पेरिफेरीमा राखेकोछ। साथै चीनले 'एसियन इन्फाइष्ट्रचर बैंक' खडा गरेर विश्व बैंकलाई र 'पिपल्स बैंक अफ चाइना' खडा गरेर अन्तर्राष्ट्रिय मुद्राकोषलाई चुनौती दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'अमेरीका प्रथम'को नीति लिएपछि पेरिस जलवायु सम्झौताबाट र इरानको परमाणु सम्झौताबाट पछि हट्ने निणर्य लिएको र आयात करमा वृद्धि गरेको, आफ्ना सहयोगीहरूमाथि निरन्तर कटुता बढाइरहेको, आदि कारणले अमेरिकाको विश्वव्यापी नेतृत्व क्षामतामा ह्रास आएको वर्तमान अवस्थामा चीनको प्रभाब बढ्न सक्ने देखिन्छ। अमेरिका विश्वव्यापी नेतृत्वको भूमिकाबाट पछि हट्दै जाने र चीनले त्यसको विकल्पमा विश्व नेतृत्व बढाउँदै लैजाने स्थिति बनेको छ। अमेरिकाले अन्तराष्ट्रिय व्यापार तथा लगानीले सिर्जना गरेको भूमण्डलीकरणको भूमिकाबाट पछि हट्ने घोषणा गरेसँगै चीनले चिनियाँ चरित्रको भूमण्डलीकरणलाई जोड दिएको छ। उक्त कारणहरूले गर्दा अमेरीका र नयाँ उदीयमान शक्तिहरूको वीचमा ढिलो वा चाँडो युद्ध हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन। अर्को पाटोबाट पनि भन्ने हो भने मध्यपूर्व, कोरिया प्रायद्धीप, दक्षिण चीन सागर, आदि क्षेत्रमा बढ्दै गएको द्धन्द्धहरू र पुँजीवादी लामो आर्थिक संकट, पुँजी संचय तथा केन्द्रिकरणको तीव्र लालचको कारण निम्तिएको द्धन्द्ध र समस्याको समाधान साम्राज्यवादीहरूले अन्ततः युद्धबाटै गर्न खोज्दछन् र त्यसका लागि आवश्यक तयारी र प्रयोग समेत गर्दैछन्। अहिले अमेरिकाले गरेको स्पेस फोर्सको कुरो पनि तयारीकै कुरो हो र यसबाट पनि विभिन्न क्षेत्रीय युद्धहरूको खतरा बढ्न थालेको देखिन्छ।

५) **समाजवाद र वैज्ञानिक-प्राविधिक विकास**

पहिले पहिले उत्पादनको पुँजीवादी पद्धतिले मजदुरहरूलाई बेकार बनाउँदथ्यो भने अहिले त्यसले पुँजीपतिवर्गलाई पनि काम बाहिरको तर बसिखाने वर्ग बनाएको छ। आधुनिक पुँजीवादी राज्यले पुँजीवादी उत्पादन-सम्बन्धको (अन्तरविरोध)हल गर्न सक्दैन, बरु चर्काउने काम गर्दछ। तसर्थ यसको समाधान तव नै हुन सक्तछ जब समाजले सिधा र प्रत्यक्ष रूपले उत्पादक शक्तिहरूमाथि नियन्त्रण गर्दछ र उत्पादकले उत्पादनका साधनहरू एवं उत्पादनको सामाजिक स्वरूपको उपयोग आफ्नो प्रकृतिको पूर्ण ज्ञानकासाथ गर्नेछन्। तब उनीहरू विश्रृङ्खलता एवं समय समयमा विघटनको कारण नरहेर स्वयं उत्पादनको सबभन्दा शक्तिशाली उत्तोलक बन्नेछन् (एंगेल्स,समाजवाद; काल्पनिक र वैज्ञानिक)। वैज्ञानिक-प्राविधिक क्रान्ति, जो २०औं शताब्दीको उत्तरार्धको एक चमत्कार थियो ले उत्पादक शक्तिहरूको, विज्ञान तथा प्रविधिको वैज्ञानिक विकासको लागि सीमाहिन संभावनाहरू खालिदिएकोछ। तर विकसित पुँजीवादी देशहरूमा यसले व्यापक बेरोजगारी, करोडौलाई 'बेकार' कंगाली र अभावतिर धकेलिदिने काम गरेकोछ। युद्ध थोपरेर शरणाथीहरूको ओइरो लगाएकोछ। भोकमरी पुँजीवादी जगतको विकराल समस्या बनेकोछ। पुँजीवादी मुलुकहरूमा लाखौं मानिस घरबार विहिन छन् र फोहोर झुपडीहरूमा बस्छन् र कुपोषणको शिकार बनेका छन्। एकाधिकारवादीहरू भने नाफाको लागि पर्यावरण-खेत र वन्, नदी र सागर वातारण र भूगर्भलाई समेत निर्ममतापूर्वक विनष्ट गर्दैछन्। त्यसको परिणाम पृथ्वी प्राणी जगतले भोग्नु परेकोछ।

के करोडौ श्रमजीवीहरू र पृथ्वीका सबै मानिसको हितअनुरूप सामाजिक परिस्थितिहरूको निमार्ण असम्भव छ ? वैज्ञानिक समाजवादको सिद्धान्तले यसको सकरात्मक जवाफ मात्र नदिएर बरु समाधनको साधन पनि देखाँउदछ। बर्जुवा व्यवस्थाभन्दा भिन्न, समाजवाद अर्न्तगत व्यक्तिको सर्वांगीण विकास केही चुनिएको मुठ्ठीभर मानिसको लागि नभएर, बरु सबै श्रमिक जनताका लागि हुन्छ र विशेष सुविधा हुन्छ। समाजवाद अर्न्तगत उत्पादन जनताको हातमा हुन्छ र मानिसद्धारा मानिसको शोषण, सामाजिक उत्पीडन विशेषाधिकार प्राप्त गरेका अल्पसंख्याको सत्ता, गरीबी र लाखौं मानिसले भोगेको नरक्षरतालाई सधैका लागि उन्मूलन गरिइन्छ। वैज्ञानिक-प्राविधिक प्रगतिले बेरोजगारी बढाउनका सट्टा सबै जनताको खुसीलाई लगातार अभिवृद्धि गर्दछ। 'प्रत्यकबाट उसको योगयतानुसार , प्रत्यकलाई उसको काम अनुसार' को काम र परिश्रमिकमा समान अधिकार हुन्छ। यसरी समाजवाद अन्तर्गत वैज्ञानिक-प्राविधिक क्रान्तिको उपलब्धिलाई समाजवादी प्रणालीको संम्भावनाका साथ आंगिकरूपबाट जोड्ने काम गरिन्छ, जसबाट जीवनस्तर माथि उठाउन र व्यक्तिको सर्वतोमुखि शारीरिक एंव मानसिक विकासको अवस्थाको निमार्ण गर्न सम्भव बन्दछ।

६) **नयाँ जनवादी क्रान्ति कि वैज्ञानिक समाजवाद** !

नेपाली कम्युनिष्ट आन्दोलनलाई दुई थरी अबशरबादी संशोधनवादीहरूबाट आक्रमण भइ आएको छ। एकाथरि अबशरवादीहरूले प्रतिकृयावादी राज्यशत्ता र बेवस्थाको पहरेदार बनेर नयाँ जनवादी क्रान्ति पुरा भएकोले अबको कार्यभार भनेको आर्थिक क्रान्तिमार्फत वैज्ञानिक समाजवादमा पुग्ने भ्रम सृजना गरेकाछन्। अर्काथरि अबशरवादीहरू छद्‌म क्रान्तिकारीका रूपमा देखा परेका छन्। उनिहरूले वैज्ञानिक-प्राविधिक क्रान्तिको भूमिकालाई सर्वोपरी ठानेर मानविय श्रम तथा औद्योगिक पुँजीवादमा हुने अतिरिक्त मूल्यको सिद्धान्तलाई नकारेका छन्। उनीहरूको तर्क के छ भने मुख्य उत्पादक शक्तिको रूपमा विज्ञान प्रविधि आए पछि आजको भूमण्डलीकृत पुँजीवादी साम्राज्यवादी व्यवस्थाभित्र वैज्ञानिक समाजवादी युगको आरम्भ भएको हो। तसर्थ वैज्ञानिक साम्य वादमा पुग्नलाई वैज्ञानिक समाजवाद अहिलेको न्यूनतम राजनीतिक कार्यक्रम बनेकोछ।

युरोप र अमेरिकामा जस्तो पुँजीवादी क्रान्ति पुरा नभएको र २१ औ शताब्दीमा पनि दुईतिहाई श्रम शक्ति कृषिमा लागिरहेको अर्ध सामन्ति, अर्ध औपनिवेशीक तथा नव औपनिवेशिक अबस्थाको अत्यन्त पिछडिएको मुलुक नेपाल साम्राज्यवादी भूमण्डलीकृत पुँजीवादको गिरफ्तमा आएकोले त्यसले नेपालको राष्ट्रिय पुँजीवादको विकास गर्ने नभई दलाल पुँजीवादको विकास गर्ने हुन्छ। त्यस्तो मुलुकले पहिले जनवादी क्रान्ति पुरा गरि समाजवादी क्रान्ति सम्पन्न गर्नु पर्ने हुन्छ न कि समाजवादी क्रान्ति। प्राविधिक क्रान्तिको हौवा खडागरेर नयाँ जनवादी क्रान्तिलाई नकार्नु भनेको वास्तविकता बाट भाग्नु हो।

दुर्वाच्य — रामचन्द्र हुमागाई

## गर्नुगरे कागजी विकासले

गणतन्त्र स्थापनापछि नेपालका सरकारी कार्यालयका कागजी विकास हेर्ने हो भने नेपाल सम्पन्न भैसकेको हुने थियो। तर कागजमा विकास र समाचारमा मात्रै भएका विकासका कुरा देखिँदा रहेनछन्। द्रुतमार्ग र फास्टट्र्याक अनि काठमाडौंको बाहिरी चक्रपथ निमार्णको कुरा उठेको १५ वर्ष नाघिसकेको छ। त्यो वर्ष जन्मिएको बालक बयस्क हुन थालिसको छ। तर फास्टट्र्याक बन्नु त कता हो कता, त्यसको डिजाइन पनि तयार भएको छैन। कुरा पनि सेलाएको छैन।

निजगढ-काठमाडौं द्रुत मार्गमा भारतले खेलाउनसम्म खेलायो। नखेलायोस् पनि किन ? अहिलेसम्म पनि सडक खोलिने जमिन जनतासँग सरकारले आफ्नो अधीनमा ल्याउन सकेको रहेन छ। तर बाध्य भएर नेपाल सरकार आफैंले बनाउने निर्णय गरेको छ। त्यो पनि दुईवर्ष पुग्न थालिसकेको छ। केवल नेपाली सेनालाई जिम्मा लगाएको कागजी समाचार बाहेक नेपाली जनताले अरु केही हेर्न पाएका छैनन्।

काठामाडौं–हेटौंडा टनेल मार्ग बनाउन पूर्वाधार निर्माण कम्पनीले पहल गऱ्यो। त्यसका अध्यक्ष कुशकुमार जोशीले निकै प्रयास गरे। स्वदेशी र विदेशी बैंकहरू गुहारे। तर सरकारले चासै दिएन। बैंकहरूले पनि मतलव गरेनन्। आखिरमा आएर कुशकुमारले हातै झिक्नुपऱ्यो। अहिले प्रदेश सरकारले त्यो बाटोको अवश्यकता ठानेछ क्यार ! सरकार आफैंले बनाउने पहल गरेको बुझिएको छ। यो कर्म भनेको अन्धकारमा हिँड्दाहिँड्दै थाकेपछि बाटो देख्नुसरह हो।

काठमाडौं उपत्याकामा मेट्रोको ट्रेन निर्माणको कुरा पनि निकै अगाडिदेखि चल्दै अएको हो। तर त्यो पनि छेपाराले राती नौतले घर बनाउने र दिउँसो तातो घामको रापले बिर्सने कथालाई चरितार्थ गरिरहेको छ। कोही भन्छन्, 'काठमाडौंमा भूमिगत रेलको सम्भावना नै छैन' तर यसो भन्नेहरूलाई के जवाफ दिन मन लागेको छ भने त्यही नजिकै बैंककमा समुद्र मुनिबाट रेल कुदेको हेरेर आउँदा कसो होला ? श्रीमतीबाट दिक्क भएर बैंकका होटलमा आनन्द लिन जाने सरकारी मेहरवानलाई दिउँसो त्यहाँको सडकले पनि स्वाग गर्ने रहेको देखिन्छ।

कोलकातामा भूमिगत रेल चडेर २५ वर्ष अगाडि नै हिंडेको यो ज्यान ज्युँदै छ। काठमाडौंमा रेल बन्दैन भन्नु भनेको आफूलाई कमिशन नआउने भएपछि सम्बन्धित कुर्सीमा बसेर अरुलाई पनि भाँड्ने कुकर्मी खेल हो। जहिलेसम्म कमिशन कुकर्मीहरू रहिरन्छन्, त्यतिबेलासम्म यस्ता खेल भै नै रहन्छन्। कमिशनका कुकर्मीहरूलाई चिन्न सक्नुपऱ्यो।

नौबिसेदेखि धुलिखेलसम्म मेट्रो रेल चलाउने कुरा पनि आएको थियो, आकशे केबुल कारले काठमाडौंलाई झिलिमिलि बनाउने, ललितपुरको सातदोबाटोदेखि काठमाडौंको नारायणगोपाल चोकसम्म र कलङ्कीदेखि बिमानस्थलसम्म रेलमार्ग बनिहाल्ने कुरा पनि एक पटक आएका थिए। यी सबै सपनाका महलहरू अहिले चकनाचूर भएर मुगलिङदेखि नौबीसेसम्म खोलापारी पनि दुईलेनको बाटो बनाउने सपनामा आएर अड्किएको छ।

पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल, भैरहवा विमानस्थल, निजगढ विमानस्थल र पूर्वपश्चिम रेल मार्ग र मेची–महाकाली ६ लेनको राजमार्गका कागजी विकासहरू कहाँको हावाले उडायो ? यी सबै कागजी विकासका समाचारहरू आएका वर्ष धेरै भएनन् र !

उपत्याका प्रवेश मार्गको चारैतिर भूमिगत मार्ग निर्माण हुने समाचार पनि आएका थिए। केरुङमार्ग र कोदारी मार्गले एकपटक निकै प्रथमिकता पाएको थियो। काठमाडौंबाट त्रिशुली छिर्न पनि भूमिगत मार्ग बन्ने चर्चा पनि निकै चुलिएको थियो। रक्सौल-काठमाडौं रेलमार्ग र सडक मार्गमा हस्ताक्षर भैसकेको कुरा छापिएका पत्रिका पनि बजारमा बिक्री भैरहेका थिए। चोभारमा चीन र भारतबाट आएका गाडीहरू बिसाएर सामान खसाल्ने सुख्खा बन्दरगाह पनि बन्ने भो भन्ने समाचार आएको धेरै भएको छैन। काभ्रेमा आन्तरिक बिमानस्थल बन्ने, सूर्यविनायक–धुलिखेल ६ लेनको बाटो बन्ने र ग्वार्कोबाट पनौतीहुँदै नाम्मुढा जोडिने बाटो बन्ने भयो भन्दै स्थानीय जनताले चिन्ता लिएको पनि चार/पाँच वर्ष नै भयो। (चिन्ता यस अर्थमा कि बाटो बनोस्, तर आफ्नो जमिन नपरोस् भन्ने मनसायले) समाचार आएको पाँच वर्ष नै भैसकेको छ।

यी माथिका कागजी विकासका समाचार मात्रै पूरा भएका भए। अथवा आधा मात्रै भैदिएका भएपनि सरकार र सरकारका कर्मचारीमाथि विश्वास गर्नु त हुन्थ्यो। यहाँ त कागजी विकासका फाइल पल्टाउँन पनि नभ्याउने अवस्थाका कर्मचारी र नेता भएकाले हुने कामका समाचार आउँदा पनि जनताले पत्याउन छाडे। दशनङ्ग्रा खियाएर ल्याएको गणतन्त्र खेर जाने त होइन ? चिन्ताको विषय त यो पो हुन थालेको छ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्री शर्मा गुरुगाईं (९८५११९५८८९)
तेहथुम सम्पर्क : डिल्लराम रेमी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, बीरगंज, ...
फोन नं. : ०१-५१८०२५६
बल्खु, काठमाडौं।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८७७७९१
- ९८१७७३११९९७
इन्द्र कट्टेल - ९८१८६११२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११६३
पुरुषोत्तम खनाल - ९८५२८५५६९०
- ९८१५७७८८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यात्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००९४४
९८४१०६९६७
(सञ्जीव भण्डारी)
९८४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४५२३८५
९८२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोगाईं फलफूल एण्ड जुस भण्डार

## आलोपालो

# संस्मरणमा ह्युगो चावेज

ह्युगो चाभेजको जन्म २८ जुलाई १९५४ मा भेनेजुयलाको ग्रामीण भेगमा पर्ने सवानेटा भन्ने शहरमा भएको थियो । उनी ह्युगो डेर्लस रेज चाभेज र एलेना फियर्स डे चाभेजका दोस्रा सन्तान थिए । उनको जन्मस्थान सवानेटा भेनेजुयलाको एन्डीएन मैदानमा रहेको छ । उनका बुबाआमा दुवैजना स्थानीय विद्यालयका शिक्षक थिए । ह्युगो चाभेजको परिवार मिश्रित थियो । वंशजका हिसाबले अफ्रो भेनेजुएलेन, स्पेनिस र केही मात्रमा अमेरीकी इन्डियनको मिश्रण थियो ।

ह्युगो चाभेज गरिब परिवारमा जन्मेका थिए । उनको बालककाल अत्यन्तै दुःखदायी अवस्थामा बितेको थियो । तर पनि उनी पढाइमा अब्बल थिए । उनको राम्रो पढाइ देखेर गुरुआमा अभिवावकहरू अत्यन्तै खुशी थिए । उनी सानै उमेरदेखि कसरी गरीबीको अन्त्य गर्न सकिन्छ भन्ने कुरामा पनि चिन्तित हुन्थे । चाभेजले ५ जुलाई १९७५ मा सेकेण्ड लेफ्टिनेन्टको डिग्री हासिल गरे । सैनिक कला र विज्ञानमा स्नातक उपाधि प्राप्त गरिसकेपछि उनलाई तत्कालिन राष्ट्रपति कार्लोक्स एन्डेज पेरेजले तरवार उपहार दिए । त्यसपछि उनको सैन्य जीवन सुरु भयो ।

उनले आफ्नो सैन्य जीवनमा अत्यन्तै छिटो प्रगति मात्र गरेनन्, उनी धेरैपटक विभुषित पनि भए । उनले स्टार अफ काराबोकामा ल्याण्ड फोर्सेज क्रस जस्ता उपाधि प्राप्त गरे । उनले अर्डर अफ फ्रान्सिसको डे, मिरान्दा, द अर्डर अफ राफेल उडानेटा, मिलिटरी अर्डर लिबेर टाडोरर जस्ता सम्मान प्राप्त गरे । उनले सैनिक जीवनबाट १९९० देखि सक्रिय राजनिति जीवन सुरु गरे । उनले सन् १९९२ को फेब्रुअरीमा तत्कालिन राष्ट्रपति कार्लोस एन्ड्रयुको सरकारलाई 'कु'को प्रयास गरे । यस आन्दोलनको नेतृत्व गरेपछि उनी एकाएक चर्चामा आए । आर्थिक रूपमा राज्य अत्यन्त नाजुक अवस्थामा पुगेको र त्यही मुद्दा उठाएर उनले सुरु गरेको 'कु' भने त्यतिबेला सफल हुन सकेन । तर सन् १९९८ को राष्ट्रपतिय निर्वाचनमा चाभेज जनताको ठुलो मत (५६.२) प्राप्त गरेर विजयी भए । त्यस निर्वाचनमा चाभेजको भ्रष्टचारविराधी र गरिबी विरोधी अभियानले भनेजुयालाको राजनीतिमा सन् १९५८ देखि वर्चश्व रहेको अवस्थाको अन्त्य पनि गरिदियो ।

ह्युगो चाभेज भनेजुयालाको राष्ट्रपति बनेपछि भेनेजुयला समाजवादी मार्गतिर उन्मुख हुन पुग्यो । विश्वबाट समाजवाद परास्त हुँदै गएको बेलामा भेनेजुयलामा समाजवादको अङ्कुर मौलाउँदै गइरहेको थियो । यसबाट विश्वभरका समाजवादीहरू अत्यन्तै हर्षित भएका थिए भने समाजवाद विरोधीका लागि चाभेज आँखाको कसिंगर बन्न पुगे । अमेरिका लगायतको देशहरूले हस्तक्षेप गरे पनि करोडौं भनेजुयाली जनताको साथ पाएका ह्युगो चाभेज समाजवादी मार्गबाट पछि हटेनन् । झन एकपछि अर्को जनतासँग सम्बन्धित कार्य गदै अघि बढे । चाभेज जनताको प्यारो नेता बन्न पुगे ।

ह्युगो चाभेज भेनेजुयलाको राष्ट्रपति भएपछि चौतर्फि विकासको काम सुरु गरे । उनी तेलमा विश्वभरि पहुच पुऱ्याउदै अरबौं डलर आम्दानी गरेर गरिब जनतालाई सम्पन्न बनाउन सफल भए । जमिन्दारका जमिन खोसेर गरिब किसानलाई बाँडेर कृषि उत्पादनमा वैज्ञानिक प्राविधि अपनाए । यसले भेनेजुयलामा कृषि उत्पादन ह्वात्तै बढ्यो र किसान सम्पन्न हुन पुगे । जनतालाई स्वास्थ्यमा पहुँच बनाउन देशैभरि निःशुल्क स्वास्थ्य चौकी खोलेर सम्पूर्ण जनतालाई रोगबाट मुक्त बनाए । शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित हुन नपरोस् भनेर उनले देशैभरि निःशुल्क अध्ययनको व्यवस्था मिलाए । जनाता सबै साक्षर हुन पुगे । कलकारखानालाई राष्ट्रियकरण गरेर गरीब जनतालाई रोजगारी दिए । कोही बेरोजगार बस्नु परेन । त्यसैले त भेनेजुयली जनता भन्दछन् "चाभेज हाम्रा देउता हुन्" ।

'जनताबाट सिक र जनतालाई नै सिकाऊ' भन्ने महान् कम्युनिष्ट नेता माओ र क्युबाका नेता फिडेल क्याष्ट्रोको आदर्शलाई आत्मसात् गरेका चाभेजले विश्व कम्युनिष्ट आन्दोलनमा नयाँ र नितान्त नौलो प्रयोग पनि सफल हुन्छ भन्ने देखाइदिए । वास्तवमा उनी विश्वका महान् राजनेतामध्येमा पर्दछन् । क्युबाका सर्वोच्च नेता फिडेल क्याष्ट्रोले कालले पनि किन राम्रा मान्छेहरूलाई हाम्रा माझबाट चुडेर लैजान्छ ? भनेका थिए । आज चाभेज हामी माझ हुनुहुन्न । तर, पनि उहाँको विचार र जनता समर्पित साम्यवादी नीति हाम्रो माझ कहिल्यै मर्ने छैन । *(लेखक : मिलन आफन्त हुन् )*

# क्रान्तिकारी युवा लिग नवलपरासीको सचिवालय बैठक सम्पन्न

काठमाडौं । क्रान्तिकारी युवा लिग नवलपरासीको प्रथम जिल्ला सम्मेलनका लागि संचालित अभियान अन्तर्गत लिगको जिल्ला सचिवालय बैठक बर्दघाटमा शनिबार सम्पन्न भएको समाचार प्राप्त भएको छ । असोज २० गते सम्पन्न गरिने ठेगान भएको सम्मेलन सम्पन्न गर्नका लागि सदस्यता विस्तार, आर्थिक संकलन तथा युवा हस्ताक्षर कार्यक्रमलाई सँगसँगै लगिने बताइएको छ । पूर्ण पोखरेलको संयोजकत्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि क.भूकम्प र फ्र्याक्शन इन्चार्ज क.समरको उपस्थिति रहेको थियो ।




## सरकारी...

छन् । अहिले सरकारी कार्यालय, शैक्षिक संस्थादेखि हरेक क्षेत्रमा कालापानी क्षेत्र गायब पारिएका नक्सा कै प्रयोग भइरहेका छन् ।

**निरन्तर हस्तक्षेप**

दार्चुला जिल्लाको ब्यास गाबिस-१ मा पर्ने लिपुलेक भञ्जाङमा सन् १९६२ देखि भारतिय सीमा सुरक्षा बल (एसएसबी) बस्दै आएको छ । सन् १८१६ सुघौली सन्धि र १८६० को पर्त्यावर्तन सन्धिको दफा ३ मा नेपालको पश्चिमी सिमा काली नदी नै हो भन्ने प्रस्ट भए पनि भारतले नेपाली भूमिमाथी हस्तक्षेप निरन्तर गर्दै आइरहेको छ । नेपाली सुरक्षाकर्मीको उनुपस्थितिको फाइदा उठाउँदै लिपुलेकसम्मको जमिन उसैले उपभोग गर्दै आएको छ ।

लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३८५ वर्ग किलो मिटर भूभागमा वर्षौदेखि भारतीय सेनाले परेड खेल्दै आएको पृष्ठभूमिमा २०७२ साल जेठ १ गते भारतीय प्रधानान्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा भएको ४१ बुँदे सहमतिको २८ नं. बँदामा "लिपुलेक/क्विङ्लालाई भारत र चीनको व्यापारिक नाकाको रूपमा प्रयोग गर्ने" उल्लेख गरिएपछि नेपालका देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरूले तीव्र विरोध गर्दै आएका थिए । नेपाली भूभागमाथि ठाडो हस्तक्षेप हुँदा पनि सरकार भने मौन बस्दै आइरहेको छ । कालापानी क्षेत्रको नक्सा प्रकरणलाई हेर्दा नेपालका शासकहरूले कालापानी क्षेत्र भारतलाई पहिल्यै बुझाइसकेका रहेछन् कि भन्ने गम्भीर आशंका पैदा हुन पुगेको छ ।

**कालापानी क्षेत्रमा भारतीय स्वार्थ**

कालापानी क्षेत्रको लिपुलेक र च्याङ्ला भञ्ज्याङ दार्चुलाको तिब्बतसँगको प्राचीन व्यापारिक नाका हो । लिपुलेक नाका समुद्री सतहबाट ५ हजार ४ सय ३४ मीटर उचाईमा अवस्थित छ । लिपुलेक लिम्पियाधुराबाट (महाकालीको उद्गमस्थल) ५३.१२ कि.मि. (डाँडैडाँडाको लम्बाई) पूर्वमा छ । अरु हिमाली पासभन्दा कम उचाईमा बसेको लिपुलेक चीन (तिब्बत)सँगको आवागमनको सहज नाका हो । लिपुलेक भारतको नयाँदिल्लीबाट चीनसम्म पुग्ने सबैभन्दा छोटो नाका हो । दिल्लीदेखि लिपुलेकसम्मको दूरी ७ सय ९९ कि.मि. रहेको छ । लिपुलेकबाट चीनको ताक्लाकोट १६ कि.मि. टाढा छ । भारतीय सैन्य क्याम्पस रहेको कालापानीबाट लिपुलेक १० कि.मि. उत्तरमा पर्दछ । लिपुलेकबाट चीनतिरका सैन्यलगायतका सबै गतिविधि नियाल्न सकिन्छ । पर्यटकीय दृष्टिले समेत यो क्षेत्र उत्तिकै आकर्षक छ । कैलाश-मानसरोवर यात्रीका लागि यो नाका मुख्य प्रवेशद्वारका रूपमा रहेको छ ।

लेखक तथा सीमा सम्बन्धका अध्येता रतन भण्डारीले आफ्नो किताबमा उल्लेख गरेनुसार शारदा ब्यारेजमार्फत् भारतले सन् १९२८देखि महाकालीको ९३ प्रतिशत पानी उपभोग गर्दैआएको छ । महाकाली सिँचित क्षेत्र भारतका ६ जना पूर्वप्रधानमन्त्रीहरूको चुनावी क्षेत्र पर्दछ । गान्धी परिवार सबैको चुनावी क्षेत्र महाकाली कमाण्ड एरिया नै हो । भारतले नदीजोड योजनाअन्तर्गत महाकालीको पानी दिल्ली हुँदै राजस्थान पुऱ्याउने योजना बनाएको छ । यिनै कारण भारत महाकाली जलाधार क्षेत्रमै आधिपत्य कायम गर्न चाहन्छ ।

महाकाली सन्धिअनुसार यतिबेला पञ्चेश्वर आयोजना कार्यान्वयनका लागि प्राधिकरणको गठन भएको छ । पञ्चेश्वर प्राधिकरणले महाकालीमा पाँचोटा जलाशय आयोजना निर्माणका लागि काम गरिरहेको भारतीय जलस्रोतमन्त्री उमा भारतीका सल्लाहकार श्रीराम भेडिरेले जनाएका छन् । योजनाअनुसार भारतले पहिलो चरणमा महाकालीमा पाँचोटा जलाशय निर्माण गर्नेछ । जसबाट भारतलाई अतिरिक्त पानीको लाभ प्राप्त हुनेछ । भारतको केन्द्रीय जल आयोगले महाकालीमा बन्ने जलाशय आयोजनामा जममा हुने अतिरिक्त पानी यमुना, राजस्थानको सुक्ली र त्यहाँबाट साबरमतीमा पुऱ्याउँदै छ । २ हजार कि.मि. लामो नहर रहने यस परियोनाको कूल लगात १ लाख करोड भारतीय रूपैयाँ रहने छ । शारदा-सावरमती लिंक योजना' नाम दिइएको यस परियोजनाबारे नेपाल-भारतबीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमणका बेला गोप्य सहमति भएको थियो । यसका साथै पञ्चेश्वर परियोजनाको डीपीआर निर्माणको जिम्मा पनि भारतीय सरकारी कम्पनी वाप्कोसलाई दिइएको छ ।

लिम्पियाधुरास्थित जोलिंकन पर्वतमालामा प्रसिद्ध तीर्थस्थल 'आदि कैलाश' छ । स्थानीयवासी यसलाई छोटा कैलाश पनि भन्दछन् । कैलाश-मानसरोवर पुग्न नसक्नेहरू आदि कैलाशको दर्शन गरी नजिकैको पार्वतीताल (बिन्तीलाल)मा स्थान गरेर फर्कन्छन् ।

ब्यास उपत्यकाको पश्चिमोत्तर अन्तिम गाउँ कुटी हो । धार्मिक किंवदन्तिअनुसार पाँच पाण्डव स्वर्ग जाँदा यही बाटो गएका थिए । उनीहरू केही दिन यहाँ आश्रम(कुटी) बनाई बसेका थिए । यसै कारण यहाँको एउटा गाउँको नाम कुटी रहेको हो भन्ने स्थानीय मान्यता छ । सानो थुम्को माथि खण्डहर भग्नावशेषलाई स्थानीयवासी पाण्डव कुटी भनी विश्वास गर्दछन् ।

लिपुलेकतिरबाट आउने खा यंक्ति.( लिपुखोला)देखि पूर्व प्राकृतिकरूपमै 'ॐ देखिने अलौकिक ॐ पर्वत छ । हिन्दू धर्मावलम्बीहरूका लागि ॐ शब्द र ॐ पर्वतले विशेष अर्थ राख्दछ । व्यास ऋषिको तपोभूमि भएका कारण यस क्षेत्रको नाम ब्यास रहन गएको हो भन्ने जनविश्वास पनि छ । यहाँ ब्यासगुफा, नाग-नागिनी पर्वत, ब्रह्मा पर्वत, पाण्डव कुटीजस्ता अमूल्य धार्मिक तथा ऐतिहासिक सम्पदा छन् । यो क्षेत्र प्राकृतिक स्रोत, खनिज, वन-पैदावार, यार्सागुम्बालगयात जडिबुटीको खानी हो । धार्मिक, ऐतिहासिक, पुरातात्विक, सामारिक एवं पर्यटकीय दृष्टिले यो क्षेत्र विशेष महत्व राख्दछ । यिनै विविध कारण भारत समग्र कालापानी क्षेत्र हडप्न चाहन्छ ।

**राजनीतिक तथा कुटनीतिक दबाबको खाँचो**

सीमाविद् बुद्धिनारायण श्रेष्ठले कालापानी र लिपुलेक मुलुकको सम्प्रभुताको विषय भएको बताउँदै कालापानी र लिपुलेक सामरिक र धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थान रहेको, त्यहींबाट मानसरोवरसम्म जान सकिने र लिपुलेक व्यापारिक रूपमा पनि त्यतिकै महत्वपूर्ण रहेकाले कालापानी क्षेत्र बँचाउनका लागि राजनीतिक तथा कुटनीतिक क्षेत्रबाट सशक्त दबाब दिनुपर्ने बताएका छन् ।

कुटनीतिज्ञ एवं पूर्वराजदूत प्रद्युम्नविक्रम शाहले एक सार्वजनिक कार्यक्रममा कालापानी र सुस्ता गम्भीर विषय भएको बताउँदै भारतले कुनै पनि हालतमा उक्त भू-भाग फिर्ता नगर्ने बताएका छन् । पूर्वराजदूत शाहको कालापानी र सुस्ता भारत-पाकिस्तानबीचको काश्मीरजस्तै समस्या भएको विश्लेषण छ । उनले कालापानी र सुस्ताको समस्या राजनीतिक तथा कुटनीतिक रूपमा समाधान गर्नुपर्ने बताएका छन् ।

**लिम्पियाधुरादेखि लिपुलेकसम्मको भूभाग नेपालकै हो**

भारतले नै बनाएका पुराना नक्सामा पनि लिम्पियाधुरा नेपाली भूमि रहेको प्रस्ट देखिन्छ । उक्त इलाका भारतले ओगट्ने क्रम बढेपछि नेपालले छोड्दै गएको देखिन्छ । नेपालको पूर्व-पश्चिम सिमाना मेची-महाकाली नदी हुन् । सुगौली सन्धिमा पनि त्यही छ । तर, पश्चिममा महाकाली वारिको ठूलो भू-भागमा भारतको हस्तक्षेप नेपाली अधिकारीहरूले रोक्न सकेका छैनन् ।

लिम्पियाधुरा कालापानी-लिपुलेकभन्दा ३० किलोमिटर पश्चिमको भूभाग हो । लिम्पियाधुरा इलाका सरक्क छाडिदिएको नेपाल सरकारले यतिबेला कालापानी-लिपुलेक क्षेत्रसमेत छाडेर बनाएको नक्सा प्रयोगमा ल्याइरहेको छ । उक्त भूमि पनि भारतले कब्जामा लिइसकेको देखिन्छ ।

नापी एवं सीमाविज्ञ श्रेष्ठले एक राष्ट्रिय दैनिकमा टिप्पणी गर्दै लिपुलेक छुट्दा ३ सय १० वर्गकिलोमिटर जमिन गुमाउनु परेको बताएका छन् । उनले तत्कालीन दरबार र शाही सेनाद्वारा नराख्न दबाब आएपछि लिम्पियाधुरा नराखेको भन्दै त्यसमा तत्कालीन दरबार र सेनाको विशेष ' इन्ट्रेस्ट' रहेको पनि बताएका छन् ।

सोही दैनिकमा सीमासम्बन्धी अध्येता रतन भण्डारीले सुगौलीसन्धि अघि र पछि तत्कालीन इष्ट इण्डिया कम्पनी र सर्भे अफ इण्डियाले प्रकाशित गरेका नक्सामा महाकालीको उदगमस्थल प्रस्ट रूपमा लिम्पियाधुरा उल्लेख छ । सन्धिअनुसार लिम्पियाधुरा उद्गमस्थल कालीपूर्वका कुटी, नाभी, गुञ्जी, तिंकर र छांगरुलगायत गाउँ नेपालको जानकारी दिएका छन् ।

नापी विभागद्वारा प्रकाशित नक्सामा महाकालीको उद्गमस्थल लिम्पियाधुरा नदेखाई च्याङ्ला भञ्ज्याङ र लिपुलेकलाई देखाइएको र हालसम्म सन् १९७५, १९७९ र १९९३ मा नापी विभागले प्रकाशित गरेको नक्सा पटकैपिच्छेको त्रुटीपूर्ण रहेको भण्डारीले दावी गरेका छन् ।

सीमाविद् श्रेष्ठका अनुसार २०३० सालमा गृह मन्त्रालयका अधिकारी पुरुषोत्तम रेग्मी संयोजकत्वको समितिले गरेको स्थलगत प्रतिवेदनमा लिम्पियाधुरा नेपालको सीमा भएको उल्लेख छ । त्यस्तै २०३८ सालको दार्चुलाका प्रमुख जिल्ला अधिकारी द्वारीकानाथ ढुङ्गेल र २०४५ सालमा प्रजिअ डिल्लीराज जोशीको प्रतिवेदनमा पनि लिम्पियाधुरा नेपालमै रहेको प्रतिवेदन पेस गरिएको थियो ।

क्रान्तिकारी माओवादी र देजमोले गऱ्यो संघर्षको आव्हान

कालापानी क्षेत्रमाथि भारतीय आधिपत्य कायम भएको नक्सा प्रकरणको तीव्र भर्त्सना एवम् कडा शब्दमा निन्दा गर्दै नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले छुट्टा छुट्टै वक्तव्य जारी भारतद्वारा मिचिएको भूमि फिर्ता गर्न र लिम्पियाधुरालगायत कालापानी क्षेत्र गायब पारिएको नक्सा प्रयोगमा प्रतिबन्ध लगाउन वर्तमान ओली सरकारसित जोडदार माग गरेको छ । कालापानी क्षेत्र लगायत सीमा क्षेत्रमा बढेको भारतीय हस्तक्षेपका विरुद्ध संघर्षका लागि देशभक्त, वामन्थी तथा क्रान्तिकारी शक्तिलाई सार्वजनिक आव्हान समेत गरेको छ ।







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।